अदालतले भर्ने ………....
दर्ता नं. …………………....
दर्ता मिति ……………......

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

## आ.व. २०८०/८१ सालको निर्णय नम्बरः

**यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं**को **पत्र** समेतको जाहेरीले नेपाल सरकार**........................वादी**

**विरुद्धः**

**१.** गुणाकर अर्यालको नाति, दिनेश चन्द्र अर्यालको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङ्जा, चापाकोट नगरपालिका वडा नं. ९ सेरा फुलबारी स्थायी ठेगाना भएका वर्ष ४५ को **केशव अर्याल** (ना प्र प नं.४१५५३ स्याङ्जा)**...........................................................................१**

**२.** केशव राज आचार्यको नाती, कृष्ण प्रसाद आचार्यको छोरा, लुम्बिनी प्रदेश, जिल्ला नवलपरासी, रामग्राम नगरपालिका, वडा नं. ५ ड्राईभर चोक स्थायी ठेगाना भएका वर्ष ३७ को **पदम राज आचार्य** (ना प्र प नं. ७०१३९)**...........................................................................१**

**३.** खुटनन्द पौडेलको नाति, राम राज पौडेलको छोरा, लुम्बिनी प्रदेश, जिल्ला पाल्पा तानसेन नगरपालिका वडा नं. ३ धोविधारा स्थायी ठेगाना भएका वर्ष ३३ को **सुवास पौडेल** (ना प्र प नं. ३९१०६६/८५५)**.................................................................................१**

**४.** केदारनाथ लम्सालको नाति नरेश कुमार लम्सालको छोरा गण्डकी प्रदेश, जिल्ला तनहुँ किहु गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी बर्दघाट सुस्ता पूर्व गैडाकोट नगरपालिका बस्ने वर्ष ३० को **राजेश लम्साल** (ना प्र प नं. ४३१०४३/३५८)**......................१**

**५.** सत्य नारायण साहको छोरा, मधेश प्रदेश, जिल्ला सिरहा मिर्चैया न.पा. वडा नं. १ घर भएका यातायात व्यवस्था कार्यालय जनकपुर धनुषामा कार्यरत सहायक कम्प्युटर अपरेटर बर्ष ४७ का **दिलिप कुमार साह** (ना प्र प नं. ५७४)**.................................................................१**

**प्रतिबादी**

६. हरिकृष्ण पौडेलको नाति, तोयनाथ पौडेलको छोरा, बागमती प्रदेश, जिल्ला सिन्धुपाल्चोक बाह्रविशे न.पा. वडा नं. ०८ स्थायी ठेगाना भई हाल पेप्सीकोला काठमाण्डौ वर्ष ४० को **केशव पौडेल** (ना.प्र.प. नं.१७७८९/१०२१५४)......................................................................१

७. धनपति पाण्डेको नाति, यादवेन्द्र पाण्डेको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङ्जा बिर्घा वडा नं. २ स्थायी ठेगाना भएका वर्ष ३४ को **लक्ष्मण पाण्डे** (ना प्र प नं ४२२०२५/३०९८९, राहदानी नं. PA 0031473)......................................................................**(फरार)..१**

८. बामदेव श्रेष्ठको छोरा, गण्डकी प्रदेश, जिल्ला तनहुँ व्यास नगरपालिका ११ स्थायी ठेगाना भएका वर्ष ४५ को **राम कृष्ण श्रेष्ठ** (ना प्र प नं.२२०१)......................................................**(फरार)..१**

९. निधनाथ शर्माको नाती, थानेश्वर शर्माको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका वडा नं. ०९ स्थायी ठेगाना भएका वर्ष ४२ को **विनोद भण्डारी** (ना प्र प नं. ५५०२४)......................................................................**(फरार )..१**

१०. भुवानी शंकर पाण्डेको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङजा, साविक रत्नपुर गा.वि.स. वडा नं. ८ हाल चापाकोट नगरपालिका वडा नं.२ स्थायी ठेगाना भएका वर्ष ३० को **ज्ञान राज पाण्डे** (ना प्र प नं. ४२२०१९/२७४)......................................................................**(फरार )..१**

११. नमाकान्त पाण्डेको छोरा, लुम्बिनी प्रदेश, जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सुनवल नगरपालिका, वडा नं १२, भुमही स्थायी ठेगाना भई यातायात व्यवस्था कार्यालय, बुटवल, रुपन्देहीमा सहायक कम्प्युटर अपरेटर करार पदमा कार्यरत वर्ष ३५ को **नारायण प्रसाद पाण्डे** (ना.प्र.प.नं. ३६३०३८/२२०)......................................................................**(फरार)..१**

१२. प्रलाद भण्डारीको छोरा, कोशी प्रदेशी, जिल्ला झापा साविक शनिश्चरे गा.वि.स. वडा नं. ६ हाल अर्जुन धारा नगरपालिका वडा नं. ६ अर्जुनधारा स्थायी ठेगाना भएको वर्ष ३२ को **विवेक भण्डारी** (ना प्र प नं.०४१०१०/७००)......................................................**(फरार)..१**

१३. लालु चौधरीको छोरा, कोशी प्रदेश, जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. १ चारपाने स्थायी ठेगाना भएको वर्ष ४१ को **विजय चौधरी** (ना.प्र.प.नं. ३२३५/११२५)**(हाल जिल्ला कारागार झापामा कैदमा रहेको)......................................................................१**

१४. दधिराम सापकोटाको नाति, तुल्सीराम सापकोटाको छोरा, गण्डकी प्रदेश, साविक जिल्ला नवलपरासी शिवमन्दिर गा.वि.स. वडा नं. ९ हाल परिवर्तित जिल्ला नवलपरासी (वर्दघाट सुस्ता पूर्व) कावासोती नगरपालिका वडा नं. ३ स्थायी ठेगाना हुने वर्ष ३३ को **प्रबिन भन्ने फानेश्वर सापकोटा**(ना.प्र.प. नं.३६२०१६/१०७९)......................................................**(फरार)..१**

१५. चन्द्र नारायण श्रेष्ठको छोरा साविक जिल्ला नवलपरासी माकर गा.वि.स. वडा नं. ४ हाल जिल्ला नवलपरासी (ब.सु.पू.) विनय त्रिवेणी गा.पा. दाउन्ने बस्ने वर्ष ३६ को **संदीप श्रेष्ठ** (ना.प्र.प.नं. ३६३०५५/१२६२)......................................................................**(फरार)..१**

**प्रतिबादी**

## मुद्दाः <u>लिखत सम्बन्धी कसुर ।</u>

**मुद्दाको सक्षिप्त तथ्य:**

१. **यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौंका महानिर्देशक उद्धव प्रसाद रिजाल समेतको पत्र:**

यातायात व्यवस्था विभागले केन्द्रीय सवारीचालक अनुमतिपत्र प्रणाली (Electronic Driving License- EDL) को संचालन र व्यवस्थापन सम्बन्धि कार्य गर्दै आईरहेको छ। यो प्रणालीमा परिक्षार्थीको व्यक्तिगत अभिलेख, परीक्षा सम्बन्धी अभिलेख र सवारीचालक अनुमतिपत्र छपाई सम्वन्धी विवरण भण्डारण भएको हुन्छ। EDL प्रणाली लागू हुनुभन्दा अगाडि Driving License (DL) प्रणाली कार्यान्वयनमा रहेको तथा DL प्रणाली लागू हुनु भन्दा अगाडि ढड्डा मार्फत् Manually सवारीचालक अनुमतिपत्र वितरण हुदै आईरहेको थियो। DL प्रणालीमा रहेका तथा ढड्डामा रहेका अधिकांश सवारीचालक अनुमतिपत्र बाहकहरुको सवारीचालक अनुमतिपत्र EDL (Electronic Driving License- EDL) प्रणालीमा स्थानान्तरण भईसकेको र स्थानान्तरण हुन बाँकी सवारीचालक अनुमतिपत्रहरु Papercard विधि मार्फत् यातायात व्यवस्था कार्यालयले EDL (Electronic Driving License- EDL ) प्रणालीमा ईन्ट्रि गरि सवारीचालक अनुमतिपत्रहरु वितरण गर्ने व्यवस्था रहेकोमा यसरी Papercard विधिमार्फत् यातायात व्यवस्था कार्यालयहरुले सवारीचालक अनुमतिपत्र वितरण गर्दा यातायात व्यवस्था कार्यालयका कर्मचारीहरु समेतको मिलेमतोमा प्रणालीमा फर्जी विवरणहरु ईन्ट्रि गरि सोको आधारमा गैह्र कानूनी तवरले सवारीचालक अनुमतिपत्र वितरण गर्ने गरेको गुनासो आए पश्चात यातायात व्यवस्था विभागले गरेको आन्तरिक छानविनमा देहाय बमोजिमका सवारीचालक अनुमति पत्रहरु देहाय बमोजिमका कर्मचारीहरुको युजर आई डी (User-ID) बाट फर्जी विवरणहरु प्रणालीमा इन्ट्री गरी, नक्कली अभिलेख खडा गरी सोही आधारमा जारी भएको पाईएको हुँदा यस्तो कार्यमा संलग्न व्यक्तिहरु उपर कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौंको पत्र।

२. **प्रतिवादी दिलिप कुमार साहको बयान:**

म यातायात व्यवस्था कार्यालय, जनकपुरमा काम गर्दा मेरो User Name: deoff_dksah_janakpur र User ID 3349 हो। मैले उक्त User Name बाट बायोमेट्रिक, अभिलेख विवरणको खोजी (सर्च), पेपर कार्ड इन्ट्री, Renewal Request, Renewal र प्रतिलिपि, प्रतिलिपि, पुन: प्रयोगात्मक परिक्षाको लागि दर्ता (नयाँ तथा वर्ग थप) र राजश्व भुक्तानीको रसिद काट्ने काम गर्दथे। मैले गर्ने गरेको कार्य कार्यालय प्रमुखले दिएको निर्देशन तथा जिम्मेवारी अनुसार गर्दथे। उक्त मेरो नामको युजर आईडी कार्यालय प्रमुखले बनाई दिनु भएको हो युजर बनाउँदा बायोमेट्रिक, अभिलेख विवरणको खोजी (सर्च), पेपर कार्ड इन्ट्री, प्रतिलिपि, Renewal Request, Renewal र प्रतिलिपि, पुन: प्रयोगात्मक परिक्षाको लागि दर्ता (नयाँ तथा वर्ग थप) र राजश्व भुक्तानीको रसिद काट्ने गरी बनाइ दिनु भएको हो। उक्त युजरहरुको रोल कार्यालय प्रमुखले नै दिने रोलमा दिएको काम बाहेक अन्य काम युजरले गर्न मिल्दैन। मेरो युजर Activate र Deactivate गर्ने काम समेत कार्यालय प्रमुखबाट नै हुने हो। मेरो युजर लगइन गर्न EDLVRS प्रणालीमा युजर नेम र पासवर्ड राखी फिंगरप्रिन्ट दिनुपर्ने हुन्छ। मेरो युजर अन्यले प्रयोग गर्न सक्दैन। Fake license Details विवरणमा सवारी चालक अनुमति पत्र बाहक राजु बहादुर क्षत्री, जय प्रकाश साह, लक्ष्मण यादव, परदेशी साहु कनी, ओम लामा, श्यामबाबु साह, सुरज अधिकारी, अमृता वली, सुजित कुमार कर्ण, श्यामलाल कडेल लगायतको PC Data Entry User ID र License Approval User ID 3277 (User Name: deoff_lpandey_lumbini,

User ID: 3277 व्यक्तिको नाम लक्ष्मण पाण्डे) बाट  कृष्ण बहादुर परियारको PC Data Entry User ID  र License Approval User ID 6453 (User Name: deoff_pracharya_lumbini, User ID 6453 व्यक्तिको नाम पदम राज आचार्य) बाट सवारीचालक अनुमति पत्र जारी गर्दा Biometric Capture User ID 3349 (User Name: deoff_dksah_jankapur) बाट  Biometric गरेको भन्ने खुलेको हुँदा पत्रमा उल्लेखित मैले प्रयोग गर्ने गरेको युजरबाट Biometric गरेको विवरण देखिएकोले मबाहेक अन्यले नचलाउने भएकोले उल्लेखित व्यक्तिहरुको नाममा  प्रणालीमा मैले नै गरेको हुनुपर्छ । दिनमा सयौको संख्यामा Biometric गर्नु पर्ने भएकोले माथि उल्लेखित व्यक्तिहरूलाई चिनेको छैन। प्रणालीमा निज व्यक्तिहरूको PC Data Entry र License Approval देखिएको हुनाले मैले Biometric गरेको हुँ। निजहरूको विवरण EDL प्रणालीमा प्रविष्ट भएको देखिएको हुनाले पुरानो लाइसेन्स सही हो । EDL प्रणालीमा ढड्डामा भएको विवरणको साथै लाइसेन्स पनि हेरेर मात्र Biometric गर्ने गरेको छु। यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौबाट के कति कारणले फर्जी विवरणहरू प्रणालीमा इन्ट्री गरी नक्कली अभिलेख खडा गरी सोही आधारमा जारी गरेको पाइएको भन्ने बारेमा मलाई थाहा जानकारी भएन । User Name: deoff_lpandey_lumbini भएका लक्ष्मण पाण्डे र User Name: deoff_pracharya_lumbini भएका पदम राज आचार्यलाई चिन्दैन। नाता सम्बन्ध केही पर्दैन।  मलाई सवारी चालक अनुमति पत्र बाहक छिरिङ तामाङ, मोती बहादुर खत्री, घनश्याम कडेल, युवराज सुवेदी लगायतको व्यक्तिहरुको नाममा जारी भएको सवारीचालक अनुमति पत्र नक्कली रहेको भन्ने थाहा थिएन, प्रणालीमा रेकर्ड रहेको देखिएको र सेवाग्राही स्वंयम पुरानो पेपरकार्ड लाइसेन्स कागजात बोकी आई नविकरण गर्न आएको हुँदा मैल बायोमेट्रिक विवरण अपडेट गरेर पठाएको हो। मलाई कसैले निर्देशन दिएको होइन मैले कुनै लाभ लिएको छैन र मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ।  मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ।   हाम्रो अफिसमा ढड्डा रेकर्ड नहुने र सबै यातायात कार्यालयहरुबाट नविकरण सुविधा रहेको हुँदा पाएक पर्ने हिसाबले सेवाग्राही हाम्रो कार्यालयमा आई नविकरण गरेको हुनसक्छ मलाई अन्य थाहा भएन प्रणालीमा रेकर्ड रहेको र सेवाग्राहीले समेत कागजात लिई आउने हुँदा नक्कली भनी भन्न मिल्ने अवस्था हुदैन।  मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ। को कसले प्रणालीमा नक्कली विवरणहरु इन्ट्री गरेको हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी दिलिप कुमार साहको बयान।

३. **<u>प्रतिवादी दिलिप कुमार साहको थप बयान:</u>**

सवारी चालक अनुमतिपत्र बाहक रमेश कुमार मिश्र, पवन प्रसाद पाण्डे, गोपाल प्रसाद प्रधान, दसरथ मुसहर, अनिल केसि, टिका राम बिके लगायतको सवारी चालक अनुमति पत्र Fake रहेको र PC DATA ENTRY User 3277 प्रतिवादी लक्ष्मण पाण्डेले गरेको हुनसक्छ मलाई सो सम्बन्धमा थाहा भएन निजहरुलाई म व्यक्तिगत रुपमा चिन्दिन । यातायात व्यवस्था विभाग को EDLRS (Electronic Driving License Registration System) मा Pc Data Entry गर्नेले विवरणहरु Entry गरेपछि सोही कार्यालयको कार्यालय प्रमुखले जुन कर्मचारीलाई Pc Approve गर्ने अधिकार दिएको हुन्छ उसले Approve गरेपछि मात्र सोही विवरण System मा देखिन्छ र Biometric गर्न मिल्छ । सेवाग्राहीले साथमा ल्याएको सवारी चालक अनुमतिपत्र, नागरिकतासँग (EDLRS) Electronic Driving License Registration System को विवरण मिलेपछि मात्र मैले यातायात व्यवस्था कार्यालय, जनकपुरबाट Biometric गरेको हो। (EDLRS)

Electronic Driving License Registration System मा लाईसेन्सको विवरण Entry भईसकेपछि त्यो लाईसेन्स नक्कली हो या सक्कली हामीलाई थाहा हुदैन । उल्लेखित लाईसेन्सहरुको विवरण Pc Data Entry यातायत व्यवस्था कार्यालय रुपन्देही बुटवलबाट भएको र सेवाग्राही Biometric गर्न यातायात व्यवस्था कार्यालय जनकपुर आएको हुँदा उल्लेखित लाईसेन्सहरुको Biometric मैले गरेको हुनसक्छ । उल्लेखित लाईसेन्सहरुको Biometric गर्ने कार्यमा मेरो कुनै पनि प्रकारको गलत मनसाय तथा कुनै पनि किसिमको लाभ लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी दिलिप कुमार साहको थप वयान ।

४. **<u>प्रतिवादी सुवास पौडेलको बयान</u>**:

मैले यातायात व्यवस्था कार्यालय, बुटवलमा काम गर्दा deoff_spaudel_lumbini र User ID 4993 युजर प्रयोग गरेको थिए । मेरो युजरबाट नयाँ अनलाईन दर्त, Renewal, Biometric only, Medical test entry, गर्ने रोल थियो । मैले रोल अनुसारको New Entry, Renewal , Biometric only, Medical test entry गर्ने काम गरेको थिए । मेरो युजर कार्यालय प्रमुख केशव अर्यालले बनाई दिनु भएको हो । उक्त युजरको लागि कार्यालय प्रमुखले रोल Assign गर्नु भएको हो । मेरो युजर Activate र Deactivate गर्ने कार्य कार्यालय प्रमुखबाट हुने गरेको हो । मेरो युजर लगईन गर्दा युजर आइडी र पासवर्ड हाली फिगंर प्रिन्ट राखि लगइन गर्ने गरिन्छ र पुन लगईन गर्न युजर आइडी र पासवर्ड हाली फिगंर प्रिन्ट राखि लगईन गरिन्छ । अन्यले मरो युजर लगइन गर्न नसक्नु पर्ने हो तर के हुन्छ थाहा छैन।यातायात व्यवस्था विभागको च.न.६५०,मिति २०८१/०२/०८ गतेको पत्रसाथ संलग्न Fake license Details विवरणमा सवारी चालक अनुमति पत्र बाहक रोशन पाण्डे, पदम बहादुर खड्का, नम निधि पौडेल, दिनबन्धु पाण्डे लगायतको नाममा सवारीचालक अनुमति पत्र जारी गर्दा मेरो User ID 4993 (User Name:deoff_spaudel_lumbini) बाट Biometric Capture भएको हो । पत्रमा उल्लेखित मैले प्रयोग गर्ने गरेको युजरबाट बायोमेट्रिक गरेको विवरण अवगत भयो । EDLVRS प्रणालीमा बायोमेट्रिक गर्दा दिनमा २०० जना भन्दा माथिको संख्या बायोमेट्रिक हुने हुँदा उल्लेखित व्यक्तिहरुलाइ म चिन्दिन । निजहरुको लाइसेन्स नम्बर प्रणालीमा रेकर्ड देखिएपछि पेपरकार्ड र नागरिकताको विवरण भिडाई यकिन गरि मैले बायोमेट्रिक अपडेट गरेको हुनसक्छ । सवारी चालक अनुमति पत्र बाहक रोशन पाण्डे, पदम बहादुर खड्का, नम निधि पौडेल, दिनबन्धु पाण्डे लगायतको व्यक्तिहरुको नाममा जारी भएको सवारीचालक अनुमति पत्र नक्कली रहेको भन्ने थाहा थिएन, प्रणालीमा रेकर्ड रहेको देखिएको र सेवाग्राही स्वंयम पुरानो पेपरकार्ड लाइसेन्स कागजात बोकी आई नविकरण गर्न आएको हुँदा मैल बायोमेट्रिक विवरण अपडेट गरेर पठाएको हो । मलाई कसैले निर्देशन दिएको होइन मैले कुनै लाभ लिएको छैन र मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ । मैले सेवाग्राहीको बायोमेट्रिक गर्दा सिस्टममा रेकर्ड हेरी प्रणालीमा विवरण देखेमा नागरिकता, कागजी लाइसेन्स रुजु गरी बायोमेट्रिक गर्ने गरेको थिए । ढड्डा रेकर्ड शाखामा म थिइन ढ्ड्डा शाखाबाट प्रमाणित गरेर आएपछि मैले बायोमेट्रिक गरेको हुँ । सो समयमा पेपर कार्ड कागजी । मलाई नक्कली विवरण इन्ट्रि गरी लाईसेन्स जारी गरेको सम्बन्धमा केही जानकारी थिएन । मैले कीर्ते कार्य गरी आर्थिक लाभ लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुवास पौडेलको बयान।

५. **<u>प्रतिवादी राजेश लम्सालको बयान</u>**:

मैले यातायात व्यवस्था कार्यालय, चितवनमा काम गर्दा De_rlamsal_Chitwan र User ID 6109 हो । मेरो युजरबाट Renewal , Biometric only, Medical test entry गर्ने रोल रहेको थियो । मैले रोल

अनुसारको Renewal , Biometric only, Medical test entry गर्ने काम गरेको थिए । मेरो युजर कार्यालय प्रमुखले बनाई दिनु भएको हो । उक्त युजरको लागि कार्यालय प्रमुखले रोल Assign गर्नु भएको हो । मेरो युजर Activate र Deactivate गर्ने कार्य कार्यालय प्रमुखबाट हुने गरेको हो । मेरो युजर लगइन गर्दा युजर आइडी र पासवर्ड हाली फिगंर प्रिन्ट राखि लगइन गर्ने गरिन्छ । अन्यले मरो युजर लगइन गर्न सक्छ, सक्दैन थाहा छैन । यातायात व्यवस्था विभागको च.न. ६५०, मिति २०८१/०२/०८ गतेको पत्र प्राप्त भएको र सो पत्रसाथ संलग्न Fake license Details विवरणमा सवारी चालक अनुमति पत्र बाहक छिरिङ तामाङ, मोती बहादुर खत्री, घनश्याम कडेल, युवराज सुवेदी लगायतको नाममा सवारीचालक अनुमति पत्र जारी गर्दा म राजेश लम्सालले प्रयोग गर्ने User Name: De_rlamsal_Chitwan र User ID 6109 बाट Biometric update (फोटो, औंठाछाप, दस्तखत) गरेको भन्ने सम्बन्धमा उक्त पत्रमा उल्लेखित मेरो युजर प्रयोग गरी Biometric गरेको विवरणहरु मैले मेरो युजरबाट प्रणालीमा Biometric update गरेको हुँ । उक्त पत्रका सवारी चालक अनुमति पत्र वाहक सेवाग्राहीहरु कार्यालयमा नविकरणको लागि आएको र निजहरुको प्रणालीमा रेकर्ड देखिएपछि भेरिपाई गरी मैले बायोमेट्रिक विवरण अपडेट गरेको हुनसक्छ । यातायात कार्यालयमा दैनिक सयौ व्यक्ति बायोमेट्रिक गर्न आउने हुँदा निज व्यक्तिहरुको बारेमा मलाई थाहा छैन । मलाई सवारी चालक अनुमतिपत्र बाहक छिरिङ तामाङ, मोती बहादुर खत्री, घनश्याम कडेल, युवराज सुवेदी लगायतको व्यक्तिहरुको नाममा जारी भएको सवारीचालक अनुमति पत्र नक्कली रहेको भन्ने थाहा थिएन, प्रणालीमा रेकर्ड रहेको देखिएको र सेवाग्राही स्वंयम पुरानो पेपरकार्ड लाइसेन्स कागजात बोकी आई नविकरण गर्न आएको हुँदा मैले बायोमेट्रिक विवरण अपडेट गरेर पठाएको हो । मलाई कसैले निर्देशन दिएको होइन मैले कुनै लाभ लिएको छैन र मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ । मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै बायो मेट्रिक गरेको हुँ । हाम्रो अफिसमा ढड्डा रेकर्ड नहुने र सबै यातायात कार्यालयहरुबाट नविकरण सुविधा रहेको हुँदा पायक पर्ने हिसाबले सेवाग्राही हाम्रो कार्यालयमा आई नविकरण गरेको हुनसक्छ मलाई अन्य थाहा भएन प्रणालीमा रेकर्ड रहेको र सेवाग्राहीले समेत कागजात लिई आउने हुँदा नक्कली भनी भन्न मिल्ने अवस्था हुदैन । मैले मीलेमतो गरी कीर्ते कार्य गरेको छैन । मैले प्रयोग गर्ने अनलाईन मनि ट्रान्सफर वालेट Esewa Id 9842017710 को स्टेटमेन्ट देखि पाए उक्त nibl.com.np नेपाल इन्भेष्टमेन्ट बैंकबाट पटक पटक २५०००/- को दरले रकम जम्मा भएको रकम राजश्व दाखिला गर्नको लागि अफिसको बैंकले मेरो इ-सेवा खातामा राखी दिएको र सो रकम मैले राजश्व दाखिला गरेको हुन्छ । जिवन पौडेलको इसेवा नं. 9857041070 बाट रु.२५०००/-, Axis motor Driving Training Centre बाट रु.४०००/-,३५००/- किशोर कुमार मण्डल 9845044910 बाट रु.१५५००/-, १७५००/-, रु.१०,०००/- समिर कुमार 9810245606 बाट रु.१२०००/-, १००००/-, १५०००/-१००००/-, २००००/-, Triveni Driving School बाट रु.७०००/-,१५०००/- Gurung Skill Driving Training Centre बाट रु.१४०००/-, सुजन प्रसाई 9845647585 बाट रु.९०००/-, दिवाकर घिमिरे 9842017710 बाट रु.२४०००/-, सनि बहादुर आले 9845220435 बाट रु.१६०००/- हिक्मत चोखाल 9811112087 बाट रु.२००००/- , २५०००/- लगायतका नामबाट मेरो इ-सेवा खातामा जम्मा भएको रकम सरसापटी र कसैले राजश्व तिर्न दिएको हुनसक्छ हाल मलाई एकिन याद छैन । मैले सिस्टममा रेकर्ड रहेको हुँदा नियम अनुसार नै

बायो मेट्रिक गरेको हुँ। मैले मिलेमतो गरी कीर्ते कार्य गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजेश लम्सालले गरेको बयान।

६. **प्रतिवादी राजेश लम्सालको थप बयान:**

Fake License विवरणमा उल्लेखित सवारी चालक अनुमतिपत्र बाहक विष्णु बहादुर मल्ल, ईश्वर सिलवाल, प्रेम बहादुर शाही, दिपेन्द्र रिमाल, संगम बहादुर रिमाल लगायतको व्यक्तिहरुलाई मैले चिनेको छैन। निजहरुको सवारी चालक अनुमति पत्र को Pc Data Entry User 3277 प्रतिवादी लक्ष्मण पाण्डे, PC Data Entry User 6433 पदम राज आचार्यले गरेको हुनसक्छ मलाई सो सम्बन्धमा थाहा भएन निजहरुलाई म व्यक्तिगत रुपमा चिन्दिन। मेरो User id de_rlamsal_chitwan, Biometric Capture User 6109 हो। मैले नै उल्लेखित व्यक्तिहरुको Biometric गरेको हुनसक्छ तर व्यक्तिगत रुपमा चिनजान तथा कुनै लेनदेन छैन। यातायात व्यवस्था विभाग को EDLRS (Electronic Driving License Registration System ) मा Pc Data Entry गर्नेले विवरणहरु Entry गरेपछि सोही कार्यालयको कार्यालय प्रमुखले जुन कर्मचारीलाई Pc Approve गर्ने अधिकार दिएको हुन्छ उसले Approve गरेपछि मात्र सोही विवरण System मा देखिन्छ र Biometric गर्न मिल्छ। सेवाग्राहीले साथमा ल्याएको सवारी चालक अनुमतिपत्र, नागरिकतासँग (EDLRS) Electronic Driving License Registration System को विवरण मिलेपछि मात्र मैले यातायात व्यवस्था कार्यालय, भरतपुरबाट Biometric गरेको हो।(EDLRS) Electronic Driving License Registration System मा लाईसेन्सको विवरण Entry भईसकेपछि त्यो लाईसेन्स नक्कली हो या सक्कली हामीलाई थाहा हुदैन। उल्लेखित लाईसेन्सहरुको विवरण Pc Data Entry यातायत व्यवस्था कार्यालय रुपन्देही बुटवलबाट भएको र सेवाग्राही Biometric गर्न यातायात व्यवस्था कार्यालय भरतपुर आएको हुँदा उल्लेखित लाईसेन्सहरुको Biometric मैले गरेको हुनसक्छ। उल्लेखित लाईसेन्सहरुको Biometric गर्ने कार्यमा मेरो कुनै पनि प्रकारको गलत मनसाय तथा कुनै पनि किसिमको लाभ लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजेश लम्सालको थप वयान।

७. **प्रतिवादी पदम राज आचार्यको बयान:**

मैले यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. वुटवलमा काम गर्दा User Name: deoff_pracharya_lumbini, User ID 6453 र User Name: deoff_pacharya_lumbini, User ID 3428 प्रयोग गर्ने गरेको थिए। उक्त मैले प्रयोग गर्ने युजरनेम बाट कार्यालय प्रमुखले खटाएको शाखा अनुसार काम गर्ने गरी रोल दिएको हुन्छ। मैले नविकरण शाखामा हुँदा रेकर्ड इन्ट्री गर्ने, परीक्षा शाखामा हुँदा परीक्षा Schedule गरी निकाल्ने, परीक्षाको विवरण चढाउने, परिक्षाको रिजल्ट Approve गर्ने लगायतको काम गर्ने गरेको थिए। उक्त मेरो नामको दुइवटा युजर आईडीहरु कार्यालय प्रमुखले बनाई दिनु भएको हो युजर बनाउँदा मेरो बायोमेट्रिक र व्यक्तिगत विवरण प्रणालीमा इन्ट्रि गरी बनाइ दिनु भएको हो। उक्त युजरहरुको रोल कार्यालय प्रमुख केशव अर्यालले दिएको हो रोलमा दिएको काम बाहेक अन्य काम युजरले गर्न मिल्दैन। मेरो युजर Activate र Deactivate गर्ने काम समेत कार्यालय प्रमुख केशव अर्यालबाट नै हुने हो अन्यले गर्न मिल्दैन। मेरो युजर लगइन गर्न EDLVRS प्रणालीमा युजर नेम र पासवर्ड राखी फिंगरप्रिन्ट दिनुपर्ने हुन्थ्यो। मेरो युजर अन्यले प्रयोग गर्न सक्छ सक्दैन मलाई थाहा भएन। उक्त युजर आइडी मैले प्रयोग गर्ने गरेको हो उक्त Fake license Details विवरणमा सवारी चालक अनुमति पत्र बाहक शक्तिबीर खत्री, हर्ष बहादुर सिंजाली

लगायतको नाममा सवारीचालक अनुमति पत्र जारी गर्दा PC Data Entry User ID 6453 (User Name: deoff_pracharya_lumbini), 3428 (User Name: deoff_pacharya_lumbini) र License Approval समेत सोही User ID 6453, 3428 बाट भएको भन्ने खुलेको सम्बन्धमा निज व्यक्तिहरुको विवरण मैले ईन्ट्री गरेको हुनसक्छ दिनमा सयौं सेवाग्राहीहरुको काम गरिने हुँदा यसबारे मलाई एकिन भएन। निजहरुको नाममा जारी भएको पुरानो लाइसेन्स नम्बर रेकर्डमा भिडिएको वा उक्त लाइसेन्स सहीसत्य हो/होइन भन्ने सम्बन्धमा मलाई हाल एकिन भएन उक्त Fake license Details लिस्ट हेर्दा म सरुवा भई रवाना लिई (मिति२०७९/१०/२६ तद्अनुसार 2023 Feb 9) सकेपश्चात पनि मेरो युजर प्रयोग गरी विवरणहरु इन्ट्री गरेको तथा मेरो युजर User ID 6453(User Name: deoff_pracharya_lumbini) पटक पटक Activate र Deactivate गर्ने कार्य र रोल दिने कार्य गरेको देखिएको छ यसमा के कसो भएको हो मलाई जानकारी छैन। दैनिक सेवाग्राही भिडभाड हुने हुँदा मैले के कसरी प्रणालीमा के कस्तो विवरण Entry गरे पुरानो कुरा भएको हुँदा याद छैन। म यातायात व्यवस्था कार्यालय रुपन्देहीबाट सरुवा भई रमाना लिई अन्य कार्यालयमा गए पश्चात पनि मैले सो कार्यालयमा हुँदा प्रयोग गरेको युजरबाट प्रणालीमा फेक विवरण इन्ट्रि भएको रहेछ यस सम्बन्धमा के कस्तो भएको हो मलाई थाहा भएन। यातायात व्यवस्था विभागको पत्रसाथ प्राप्त Fake License विवरणमा उल्लेख भएको PC Data entry Date, License Approval Date हेर्दा म रमाना लिएको मिति (मिति२०७९/१०/२६ तद् अनुसार 2023 Feb 9) भन्दा अगाडिका मितिहरुमा 2019 May तथा July महिनामा पंचम यादव, फुलदेव कोईरी, प्रदिप कुमार सोनार अवदेश अहिर लगायतको व्यक्तिको नामको Fake विवरण इन्ट्री गरेको, 2020 Sept मा पुरुषोतम पोखरेल, अनिता श्रेष्ठ, मालिका घिमिरे लगायतको विभिन्न व्यक्ति नामको Fake विवरण इन्ट्री गरेको त्यसैगरी 2022 March, September मा नविन पौडेल, अमृत बहादुर सुनार, राजु काप्री, रमेश रिजाल लगायतको विभिन्न व्यक्ति नामको Fake विवरण इन्ट्री गरेको सम्बन्धमा मैले इन्ट्रि गरेको हुनसक्छ दैनिक सेवाग्राही भिडभाड हुने हुँदा मैले के कसरी प्रणालीमा के कस्तो विवरण Entry गरे पुरानो कुरा भएको हुँदा याद छैन। मैले कसैको आदेश र मिलमतोमा कीर्ते कार्य गरेको छैन। म यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. रुपन्देहीबाट सरुवा भई गए पश्चात पनि मेरो युजरबाट EDLVRS प्रणालीमा सवारी चालक अनुमति पत्रको प्रक्रिया नै शुरु नगरेका रेकर्डमा नै नरहेका व्यक्तिहरुको विवरण Entry गरी विभिन्न व्यक्तिहरुको नाममा नक्कली सवारी चालक अनुमति पत्र जारी भएको देखिन्छ। म कार्यालयबाट रमाना लिई सकेपछि मेरो युजर बन्द गर्न मैले कार्यालय प्रमुख केशव अर्याललाई भनी गएको थिए। कार्यालय प्रमुखको युजरबाट नै मेरो युजर Deactive गर्ने हो अन्य कर्मचारीहरुलाई युजर मेनेजमेन्टको रोल हुदैन म कार्यालय छाडी गएपछि समेत मेरो युजर प्रयोग गरी Fake Entry भएको सम्बन्धमा कार्यालय प्रमुख केशव अर्यालले जवाफ दिनु पर्दछ के कुन मनशाय र कारण राखी मेरो युजरबाट फेक काम गरे गराएको हो निजलाई थाहा होला यस सम्बन्धमा मलाई केही जानकारी छैन। यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. रुपन्देहीका तत्कालिन कार्यालय प्रमुख प्रतिवादी केशव अर्यालको युजर 7362, admoff_kaaryal_lumbini बाट मेरो सरुवा भए पश्चात मैले प्रयोग गर्ने गरेको युजर 6453 मा Pc Data entry लगायतका विभिन्न रोल assign गरेको र प्रणालीमा Fake Data entry भएको सम्बन्धमा निज कार्यालय प्रमुख केशव अर्याल समेतले आफू अपराधबाट बच्न सहज हुने हिसाबले मेरो युजर प्रयोग गरेको हुनसक्छ यस सम्बन्धमा निज केशव अर्याललाई थाहा होला। नक्कली खुल्न आएको सवारी चालक अनुमति पत्र बाहक झविलाल भण्डारी, रोशन पाण्डे, उदय

बहादुर वि.क., गणेश बहादुर क्षेत्री, मोहन प्रसाद कोईराला, राज कुमार श्रेष्ठ लगायतका व्यक्तिले गरेको कागजमा सवारी चालक अनुमति पत्र बनाउने प्रक्रियाको बारेमा यातायात कार्यालयमा बुझ्न जाँदा यातायात कार्यालयमा बसेका एजेन्टहरुले हामीहरुलाई प्रलोभन र विश्वासमा पारी सक्कली लाईसेन्स बन्छ भनी झुक्याई यातायातको कर्मचारीहरुलाई कमिशन दिनुपर्छ भनी निजहरुसँग,रु.३५,०००/-, रु.५०,०००/-, रु.१,००,०००/- सम्म असुल गरी नक्कली लाईसेन्स बनाई दिएको भन्ने विषयमा मैले रकम लिएको छैन, को कसले रकम असुल गरेको मलाई जानकारी भएन यसमा अन्य प्रतिवादीहरुले के कति रकम असुल गरेको र हाल सम्म के कति असुल गरी बाँडफाँड गरेको हो निजहरुलाई थाहा होला। प्रतिवादी विजय चौधरी, संदिप श्रेष्ठ लगायतका एजेन्टहरुले विभिन्न व्यक्तिहरुलाई सम्पर्कमा ल्याउने, प्रतिवादी केशव अर्यालले Fake कार्य गर्न युजर मेनेजमेन्ट गर्ने, प्रतिवादीहरु म पदमराज आचार्य, लक्ष्मण पाण्डे, ज्ञान राज पाण्डेले प्रणालीमा पेपर कार्ड लाईसेन्स जारी गरेको देखाउन झुटा विवरण इन्ट्री गर्ने र सोको आधारमा प्रतिवादीहरु दिलिप कुमार साह, सुवास पौडेले, राजेश लम्साल लगायतले सो व्यक्तिहरुको बायोमेट्रिक अपडेट गर्ने र यसरी सम्पूर्ण विवरण प्रणालीमा Entry र अपडेट भए पश्चात नविकरणको माध्यमबाट राजश्व तिरी सवारी चालक अनुमति पत्र जारी हुने र सो बापत प्रति लाईसेन्स एक लाख रुपैयाँसम्म असुल गर्ने गरेको भन्ने सम्बन्धमा अन्य प्रतिवादीहरुको भूमिका सम्बन्धमा निजहरुलाई नै थाहा होला मैले गरेको सम्बन्धमा मलाई एकिन जानकारी छैन। मेरो युजर प्रयोग गरेर फेक काम भएको समेत देखिन्छ। निज केशव अर्यालले नै अन्य प्रतिवादीहरुसँग मिलेर कीर्ते गरेको र रकम असुल गरेको हुन सक्छ। यसमा रकम असुली बाँडफाँड गर्ने जिम्मा को कसलाई दिएको हो निजलाई थाहा होला, मैले आर्थिक लाभ लिएको छैन। यस कार्यमा मेरो मिलेमतो रहेको छैन। निज केशव अर्यालको विश्वास पात्र रहेका यी अन्य प्रतिवादी मध्येका व्यक्तिलाई रकम असुल गर्ने जिम्मेवारी हुनसक्छ। यस बारेमा मलाई थप जानकारी छैन। मेरो Esewa id 9857045157/9851080842 को स्टेटमेन्टमा mbl@mbl.com.np machhapuchhre bank ltd. बाट पटक पटक रु.५०००/- को दरले जम्मा भएको, alglobalimebank.com Global IME Bank बाट पटक पटक रु.५०००/-, २०००/- १००००/- २००००/- को दरले जम्मा भएको, Subodh Ghimere 2 बाट रु.२०००/-, Arun karki बाट रु.५०००/-, रु.३०००/-, Pramod Baniya रु.५०००/-, ctzn@ctznbank.com Citizen Bank 9851080842 बाट पटक पटक रु.२००००/, २००००/, २००००/-, १७०००/-, dla@mbl.com.np 9851080842 बाट रु.३००००/-, रु.१००००/-, पुजा अटोमोवाइलबाट रु.५०००/-, मदन सुवेदीबाट रु.१००००/-, एभरेष्ट बैंकबाट 9851080842 मा रु. १२०००/-, प्रभु बैंकबाट 9851080842 मा रु.१००००/-,५०००/-, NIC ASIA BANKबाट 9851080842 मा रु.१२०००/-,१००००/- साइन रेसुङ्गा बैंक 9851080842 मा रु.१००००/, १२०००/- ओम मोटर ड्राईभिङ सेन्टरबाट 9851080842 मा रु.१२०००/- लगायतका पटक पटक विभिन्न मितिमा रकम जम्मा भएको सम्बन्धमा केही रकम मेरो खाताबाट Esewa load गरेको केही रकम साथीभाई र चिनजानको व्यक्तिहरुको सवारी कर तिर्न पठाएको र केही व्यक्तिगत लेनदेन बापतको हो भन्ने समेत व्यहोराको पदम राज आचार्यले गरेको बयान।

८. **प्रतिवादी केशव अर्यालको बयान:**

म यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. वुटवलमा कार्यालय प्रमुखको युजर आईडी प्रयोग गर्ने गरेको थिए मेरो युजर आईडी काम गर्दा User ID 7362 User Name admoff_kaaryal_lumbini रहेको थियो।

मैले यस युजरबाट कर्मचारीहरुको युजर मेनेजमेन्ट गर्ने, कर्मचारीहरुलाई काम गर्ने Role assign गर्ने, कर्मचारीहरुले गरेका कामहरुको विवरण हेर्ने, आवश्यकता अनुसार नयाँ कर्मचारीहरुको युजर बनाउने। युजर Active, Deactive गर्ने गराउने लगायतका कामहरु हुने गरेको थियो। कर्मचारीहरुलाई डाटा इन्ट्री, पेपेर कार्ड इन्ट्रि गर्ने, बायोमेट्रिक गर्ने, Approval गर्ने, राजश्व काट्ने, नविकरण गर्ने जस्ता रोलहरु दिएको थियो। प्रतिवादीहरु लक्ष्मण पाण्डे, पदमराज आचार्य, नारायण पाण्डे, सुवास पौडेल, ज्ञानराज पाण्डे म सो कार्यालयमा कार्यालय प्रमुख हुनुभन्दा अगाडी कार्यरत रहेका थिए निजहरुलाई पहिले कै कार्यालय प्रमुखले दिएका रोलहरु थिए र सो बाहेक मैले पनि आवश्यक्ता अनुसार रोलहरु दिएको हुनसक्छ सिस्टममा नै हेर्नुपर्छ हाल मलाई याद भएन निज प्रतिवादीहरु लक्ष्मण पाण्डे, पदमराज आचार्य, नारायण पाण्डे, सुवास पौडेल, ज्ञानराज पाण्डेलाई समेत डाटा इन्ट्री, पेपेर कार्ड इन्ट्रि गर्ने, बायोमेट्रिक गर्ने, Approval गर्ने, राजश्व काट्ने, नविकरण गर्ने जस्ता रोलहरु दिएको थियो। मैले कर्मचारीहरुलाई विभिन्न काम गर्ने रोल दिएको थिए। कर्मचारीहरुले कागजपत्र चेकजाँच गरी ठीक पाईएमा मात्र विवरण इन्ट्रि गरी नियमानुसार लाईसेन्स जारी वा नविकरण हुनुपर्ने हो तर कर्माचारीहरुले के कुन कारण मनशायले नक्कली विविरण ईन्ट्रि गरी लाईसेन्स वितरण गरे मलाई जानकारी भएन। मैले Fake काम कारबाही गर्न कर्मचारीलाई भनेको छैन के कसरी गरे निज संलग्न प्रतिवादी कर्मचारीहरुलाई थाहा होला। कर्मचारीहरुले व्यक्तिगत रुपमा के कस्तो काम गरेको सम्बन्धमा कहिले काही छड्के चेकजाँज गर्दा समग्रमा ठीकै काम गरेको जस्तो लाग्थ्यो, तर हरेक कर्मचारीहरुलाई व्यक्तिगत रुपमा नै जिम्मेवारी तोकिएको र निजले गलत गरे स्वयंम जिम्मेवारी हुने अवस्था रहेको थियो कार्यालयमा कामको चाप र सेवाग्राहीहरुको भिड हुने हुँदा प्रत्यक्ष रुपमा हरेक कर्मचारीको कार्यको निरीक्षण गर्न नभ्याईने र विश्वासमा समेत कतिपय कामहरु गर्ने हुँदा यसमा संलग्न कर्मचारी नै जवाफदेही हुनपर्दछ। मेरो नक्कली लाईसेन्स जारी गर्नेमा भुमिका छैन।प्रतिवादी लक्ष्मण पाण्डे, पदमराज आचार्य, ज्ञानराज पाण्डे, लाई पेपर कार्ड इन्ट्रि गर्ने जिम्मेवारी थियो। पदमराज आचार्यलाई लाईसन्स Approval गर्ने जिम्मेवारी थियो तर लक्ष्मण पाण्डे र ज्ञानराज पाण्डे लाई Approval पहिले नै दिएको हुनुपर्छ मलाई जानकारी छैन। निज पदमराज आचार्य सरुवा भएपछि निजको युजर आइडी बन्द गरेको हुनुपर्छ। निजको आईडीबाट सरुवा भएपछि समेत युजर आईडी Activate र Deactivate गरी रोल दिएको र फेक डाटा इन्ट्रि भएको विषयमा मलाई जानकारी छैन। पदमराज आचार्यको युजर आईडी बन्द गराएर जाने सरुवा भएर जाने कर्मचारीको समेत जिम्मेवारी हो मलाई बन्द गराएको जस्तो लाग्छ। निज 2023 Feb 9 मा रमाना लिई गएकोमा सो पश्चात अनवरत रुपमा युजर चालु रहेको र मेरो युजर 7362 बाट रोल दिदै गएको त्यसपश्चात 18 April 2023 मा मात्र मेरो युजर 7362 बाट Deactive गरेको, 19 april 2023 मा पुन active गरी रोल दिएको र सोही दिन 07:19:13 pm मा Deactive गरेको, पुन : 20 april 2023 मा पुन active गरी रोल दिएको, सो पश्चात 20 देखी 22 april 2023 पटक पटक Activate र Deactivate गरी पेपर कार्ड इन्ट्रीको रोल दिएको र प्रणालीमा फेक डाटा विवरण राखी शक्तिबी खत्री र हर्ष बहादुर सिन्जाली लगायतको व्यक्तिको नाममा सवारी चालक अनुमति पत्र जारी गरेको सम्बन्धमा मलाई जानकारी छैन मेरो आइटीमा ज्ञान नभएको हुँदा मेरो युजर मिसयुज गरेर फेक काम गरेको हुनपर्दछ। को कसले फेक काम गरेको हो मलाई थाहा छैन। कार्यालय प्रमुखले युजर बन्द गरिदिने र निजले बन्द गरेको सुनिश्चित गरेर जाने हो जहासम्म लाग्छ निजको युजर बन्द गरेको हुनुपर्छ के कसरी खुलेको हो मलाई थाहा छैन मेरो युजर मिसयुज भएर नै निज पदम राज आचार्यको युजरबाट फेक काम भएको हुनुपर्छ।

मलाई किटान यो व्यक्ति हो भनी हाल म भन्न सक्दिन्न मैले मेरो युजरबाट फेक काम नगरेको हुँदा यस बारेमा मलाई जानकारी छैन । यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. रुपन्देहीका तत्कालिन कार्यालय प्रमुख प्रतिवादी केशव अर्यालको युजर 7362, admoff_kaaryal_lumbini बाट मेरो सरुवा भए पश्चात मैले प्रयोग गर्ने गरेको युजर 6453 मा Pc Data entry लगायतका विभिन्न रोल assign गरेको र प्रणालीमा Fake Data entry भएको सम्बन्धमा निज कार्यालय प्रमुख केशव अर्याल समेतले आफू अपराधबाट बच्न सहज हुने हिसाबले मेरो युजर प्रयोग गरेको हुनसक्छ यस सम्बन्धमा निज केशव अर्याललाई थाहा होला भनी प्रतिवादी पदम राज आचार्यले वयानमा खुलाएको सम्बन्धामा निज पदमराज आचार्यले किन त्यसो भने निजलाई नै थाहा होला मैले निजको युजरबाट फेक काम नगरेको हुँदा यस बारेमा मलाई जानकारी छैन । नक्कली बनेका सवारी चालक अनुमति पत्र बाहक झविलाल भण्डारी, रोशन पाण्डे, उदय बहादुर वि.क., गणेश बहादुर क्षेत्री, मोहन प्रसाद कोईराला, राज कुमार श्रेष्ठ लगायतका व्यक्तिले गरेको कागजमा सवारी चालक अनुमति पत्र बनाउने प्रक्रियाको बारेमा यातायात कार्यालयमा बुझ्न जाँदा यातायात कार्यालयमा बसेका एजेन्टहरुले हामीहरुलाई प्रलोभन र विश्वासमा पारी सक्कली लाईसेन्स बन्छ भनी झुक्याई यातायातको कर्मचारीहरुलाई दिनुपर्छ भनी हामीहरुसँग, रु.३५,०००/-, रु.५०,०००/- , रु.१,००,०००/- सम्म असुल गरी नक्कली लाईसेन्स बनाई दिएको हुँदा संलग्नलाई कारबाही गरी पाउँ भन्ने समेतको व्यहोरा खुलाएको देखिदा नक्कली लाईसेन्स बनाई दिई प्रति लाईसेन्स एक लाख सम्म असुल गरेको र यस्ता कैयौं फेक लाईसेन्स बनेकोमा करौडौ रुपैंया असुली भएको भन्ने सम्बन्धमा म दलालहरुसँग सम्पर्कमा छैन, मैले संलग्न प्रतिवादी कर्मचारीहरुलाई फेक विवरण इन्ट्रि गरी लाईसेन्स जारी गर्न भनेको छैन, मैले आर्थिक लाभ लिएको छैन । मलाई अन्य थाहा छैन । प्रतिवादी विजय चौधरी, संदिप श्रेष्ठ लगायतका एजेन्टहरुले विभिन्न व्यक्तिहरुलाई सम्पर्कमा ल्याउने, म प्रतिवादी केशव अर्यालले Fake कार्य गर्न युजर मेनेजमेन्ट गर्ने, रोल दिने, सरुवा भएका व्यक्तिको युजर प्रयोग गरी फेक ईन्ट्री गर्ने गराउने, प्रतिवादीहरु पदमराज आचार्य, लक्ष्मण पाण्डे, ज्ञान राज पाण्डेले प्रणाली पेपर कार्ड लाईसेन्स जारी गरेको देखाउन झुटा विवरण इन्ट्री गर्ने र सो को आधारमा प्रतिवादीहरु दिलिप कुमार साह, सुवास पौडेले, राजेश लम्शाल लगायतले सो व्यक्तिहरुको बायोमेट्रिक अपडेट गर्ने र यसरी सम्पुर्ण विवरण प्रणालीमा Entry र अपडेट भए पश्चात नविकरणको माध्यमबाट राजश्व तिरी सवारी चालक अनुमति पत्र जारी हुने र सो बापत प्रति लाईसेन्स एक लाख रुपैयाँ सम्म असुल गर्ने गरेको भन्ने सम्बन्धमा मैले दलालहरुसँग सम्पर्क गरेको छैन मैले कर्मचारीहरुलाई नक्कली विवरण राखि फेक कार्य गर्न भनेको छैन के कति रकम असुल गरका हुन मलाई थाहा छैन मैले आर्थिक लाभ लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी केशव अर्यालले गरेको वयान ।

९. **<u>प्रतिवादी विजय चौधरीको बयान:</u>**

म मिति २०७६ साल देखि यातायात व्यवस्था कार्यालय चारपाने बिर्तामोडको अगाडी सटर मा लाईसेन्स सम्बन्धि फारम भर्ने गाडीहरुको बिलबुक नविकरणको लागि सहजिकरण गर्ने, यातायात सम्बन्धि अन्य कार्य, गाडी पास सम्बन्धि कार्य र नयाँ लाइसेन्स बनाउँदा सहजिकरण गर्ने कार्य गर्दै आइ रहेको थिए । हाल म विगत ८ महिना देखी जिल्ला कारगार झापामा लागू औषध मुद्दामा सजाय काटिरहेको छु । निज राज कुमार श्रेष्ठ मसँग मेरो भेट भएको हुनसक्छ । निजलाई मैले सवारी चालक अनुमति पत्र बनाई दिन सहजिकरण गरि दिएको हुनसक्छ हाल पुरानो कुरा भएको हुँदा त्यति याद भएन निजको रकम रु. ३५,०००/- सम्बन्धमा मलाई याद छैन। मैले कैयौ व्यक्तिको यातायात कार्यालय निर बसेर काम सहजिकरण गरि दिने हुँदा यस बारेमा एकिन भएन । को

कर्मचारीले के कसरी बनाई दिएको यस बारेमा मलाई थाहा भएन । यातायात व्यवस्था कार्यालय वुटवल, (स.चा.अ.प.) को च.नं.२७८४ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त विवरणमा निज राज कुमार श्रेष्ठको सवारीचालक अनुमतिपत्र 01-08-00951595 को विवरण ढड्डा रेकर्ड अभिलेखमा नरहेको, कीर्ते गरी जारी भएको नक्कली रहेको भन्ने सम्बन्धमा मलाई जानकारी भएन । मैले यो कार्य गरेको होइन अन्य कुरा थाहा भएन। हाल म लागू औषध मुद्दामा सजाय पाई हाल झापा जिल्ला कारागारमा सजाय काटी रहेको छु भन्ने समेत व्यहोराको विजय चौधरीले गरेको बयान ।

१०. **प्रतिवादी केशव पौडेलको बयान:**

म मिति २०५७ सालदेखि गाडी चलाउने काम गर्दै आईरहेको छु । सवारी चालक अनुमतिपत्र बाहक निज छिरिङ तामाङसँग मेरो पहिले देखि नै चिनजान र गाउँका भाई साथी हुन् । उसले लाईसेन्स बनाउनु छ भनेपछि मैले गाडी चलाउने क्रममा चितवनमा भेटेका यातायात व्यवस्था कार्यालय भरतपुर चितवनको बाहिर फोटोकपी गर्ने पसल गरेर बस्ने जिल्ला नवलपुर कावासोती न.पा. वडा नं. ०३ घर भएको प्रविन सापकोटा (मो.नं. ९८०१३४०३८१) लाई भेटाईदिएको हुँ । निज प्रविन सापकोटाले नै सवारी चालक अनुमतिपत्र बनाई दिने सहजिकरण गरिदिएको हो । निज प्रविन सापकोटाले नै सबै काम गरिदिएको हो निजले कसरी के कुन प्रक्रियाबाट उक्त सावरी चालक अनुमतिपत्र बनाईदिएको हो निज प्रविन सापकोटालाई थाहा होला । छिरिङ तामाङले मलाई दिएको भनेको सो रकम रु. ४५,०००/- मलाई नभई निज छिरिङ तामाङ मार्फत प्रविन सापकोटालाई दिएको हो । सो बापत मैले कुनै पनि रकम लिएको छैन । उक्त सवारी चालक अनुमतिपत्र कर्मचारीले के कसरी बनाएको दिएको यस बारेमा निज प्रबिन सापकोटालाई थाहा होला । मैले छिरिङ तामाङलाई चिनजानको भएर मात्र प्रविन सापकोटासँग भेट गराई दिएको हो । के कसरी नक्कली लाईसेन्स बनाएको हो निज प्रबिन सापकोटालाई थाहा होला यातायात व्यवस्था कार्यालय वुटवल, (स.चा.अ.प.) को च.नं.२७८४ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त विवरणमा निज छिरिङ तामाङको सवारीचालक अनुमतिपत्र 01-08-01437202 को विवरण ढड्डा रेकर्ड अभिलेखमा नरहेको, कीर्ते गरी जारी भएको र नक्कली रहेको भन्ने सम्बन्धमा मैले छिरिङ तामाङलाई प्रविन सापकोटलाई भेट गराई दिएको हो निज प्रविन सापकोटाले म कर्मचारीहरुलाई मिलाएर काम गराई दिन्छु कुनै चिन्ता लिनु पर्दैन भनी भनेका थिए । निजले यातायात कार्यालयका के कुन कर्मचारीससँग मिलेमतो गरी नक्कली लाईसेन्स बनाएको हो निज प्रबिन सापकोटालाई थाहा होला । कीर्ते कार्यमा निज प्रविन सापकोटा बाहेक अन्यको संलग्नता मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी केशव पौडेलले गरेको वयान ।

११. **बुझिएका मानिसहरुले गरेको घटनाविवरण कागज:**

**क) उदय बहादुर वि.क.ले गरेको कागज:**

मेरो सवारी चालक अनुमति पत्र प्रविन ड्राईभिङ सेन्टर कावासोतिको संचालक जिल्ला नवलपुर कावासोति नगरपालिका वडा नं. ३ वस्ने वर्ष अन्दाजी ४५/४६ को प्रविन सापकोटा (सम्पर्क नम्बर ९८०१३४०३८२) भन्ने व्यक्तिले मलाई ललाई फकाई गरि प्रलोभनमा पारि नगद रु.१,००,०००/- (अक्षरेपी रु. एकलाख) दिएमा कुनै झन्झट बिना सवारी चालक अनुमति पत्र बनाई दिने छु भनि मबाट निज प्रविन भन्ने व्यक्तिले उल्लेखित रकम लिई गई यातायात व्यवस्था कार्यलय कावासोती नवलपरासीमा मलाई सिधैं बायोमेट्रिक गराई प्रयोगात्मक परीक्षा तथा लिखित परीक्षा समेत नगराई अन्तिममा एकै चोटि राजश्व तिर्न लगाई राजश्व बापतको

नगदी रसिदमा (B.G.F,A) Category उल्लेख भएको भौचर उपलब्ध गराएको र उपलब्ध गराएको १/२ वर्षमा स्मार्ट लाईसेन्स आउछ भनि विश्वास दिलाएकोमा हाल सम्म पनि मैले सवारी चालक अनुमति पत्र नपाएकोले मेरो नाममा जारी भएको (B.G.F.A) Category को Old License No. 07-157802 New License No 01-08- 01514813 को सवारी चालक अनुमति नक्कली व्यहोरा विवरण राखी कीर्ते गरी जारी गरेको भन्ने हाल थाहा पाएं। उल्लेखित मैले दिएको रकमबाट निज प्रविन सापकोटाले यातायात व्यवस्था कार्यालयका कर्मचारीहरुलाई समेत दामा साही हिसाबले रकम बाँडफाड गरेको र मेरो नाममा कीर्ते गरी नक्कली सवारी चालक अनुमतिपत्र बनाउनमा संलग्न निज लगायत यातायात व्यवस्था कार्यलय कावासोती नवलपुरका कर्मचारीहरुलाई कानून बमोजिम कारबाही होस् भनि **उदय बहादुर वि.क.**ले गरी दिएको कागज।

ख) **गणेश बहादुर क्षेत्रीले गरेको कागज**:

मेरो सवारी चालक अनुमति पत्र बनाउने क्रममा बुटवल स्थित यातायात व्यवस्था कार्यालय अगाडि सवारी चालक अनुमति पत्रको फारम भर्ने साईबरमा फारम भर्ने क्रममा साईबर मै काम गर्ने जिल्ला नवलपरासी सुस्त पूर्व विनय त्रिवेणी गा.पा दाउन्ने घर बताउने सम्पर्क नं. ९८६६६९७१०५ भएको संदिप श्रेष्ठ भन्ने व्यक्तिले मलाई ललाई फकाई प्रभावमा पारि नगद रु.१३,०००/- (अक्षरुपी रु तेह्र हजार) दिएमा लाईसेन्सका प्रयोगात्मक तथा लिखित परिक्षा फेल भए पनि पास गराई लाइसेन्स उपलब्ध गराई दिन्छु भनेकोमा सो सर्त मैले नमानि सबै प्रक्रिया म आफैले पूरा गरि सक्कलि सवारी चालक अनुमति पत्र लिन्छु भनेकोमा निजले मलाई जवरजस्ति रुपमा उल्लेखित पैसा लिई सक्कलि नै लाईसेन्स उपलब्ध गराउछु भनि विश्वास दिलाएको हुँदा मैले पनि निजले भने बमोजिम गर्न बाध्य भए। निजले भने बमोजिम मैले प्रयोगात्मक परिक्षाका लागि यातायात व्यवस्था कार्यालयले तोकेको ठाउँ भन्दा बाहिर लगि परिक्षा दिन लगाईयो साथै लिखित परिक्षाको प्रश्न पत्र समेत यातायात व्यवस्था कार्यालयले प्रश्न पत्र ल्याई मलाई छुटै ठाउँमा लगि परिक्षा दिन लगाइएको थियो। बायोमेट्रिक र फोटो खिच्न मात्र यातायात कार्यालयमा लगिएको थियो। निजको कार्य प्रति मलाई पहिला नै केहि शंका लागेको थियो। यसरी मेरो नाममा जारि भएको (A,B) Category को Old License No. 07-13578261 र New License No 01- 08-00906547 को सवारी चालक अनुमति नक्कली व्यहोरा विवरण भरी कीर्ते गरी जारी गरेको भन्ने हाल थाहा पाएं। यसरी निज संदिप श्रेष्ठले उल्लेखित रकम पाए पश्चात बायोमेट्रिक गराएको एक महिना भित्र सवारी चालक अनुमति पत्र दिलाएको हो। यसरी मेरो नाममा किर्ते गरी नक्कली सवारी चालक अनुमतिपत्र बनाउनमा सलग्न व्यक्तिलाई कानून बमोजिम कारवाही होस् भनि **गणेश बहादुर क्षेत्री**ले गरिदिएको कागज।

ग) **झविलाल भण्डारीले गरेको कागज:**

मेरो प्रतिवादीहरु, केशव अर्याल, लक्ष्मण पाण्डे, सुवास पौडेल, राम कृष्ण श्रेष्ठ, विनोद भण्डारी, ज्ञानराज पाण्डे, नारायण प्रसाद पाण्डे, विवेक भण्डारी, पदमराज आचार्य र दिलिप कुमार साहसँग चिनजान, लेनदेन, रिसइवी केही छैन भने लक्ष्मण पाण्डे का बारेमा मेरो सवारी चालक अनुमति पत्र बनाई दिने सरोज पाण्डेले बेलाबेलामा मसँग लक्ष्मण पाण्डे सरले खाना खान तथा भेट्न बोलाउनु भएको छ भनि भन्ने गरेका थिए। मेरो नाममा जारी भएको (A.B) Category को Old License No. 07-1328812 New License No 01-08-00902985 को सवारी चालक अनुमति नक्कली व्यहोरा विवरण राखी कीर्ते गरी जारी गरेको भन्ने हाल थाहा पाए। म आज भन्दा तीन वर्ष अगाडि नियमानुसार मेरो सवारी चालक अनुमति पत्र बनाउनको निमित्त सुरुको

प्रक्रिया अनुसार अगाडि बढाउन यातायात व्यवस्था कार्यालय बुटवलमा जाँदा मलाई सरोज पाण्डे भन्ने मेरो बाल्यकालको साथीले भेट गरि नगद रु.५,०००/- (अक्षरुपि पाँच हजार) पैसा दिएमा यातायात कार्यालयका हाकिमहरुलाई खाजा पानीको व्यवस्था गर्दा तुरुन्त काम हुन्छ भनि फकाई फुलाई गरि सक्कली लाइसेन्स दिलाउने छु भनी प्रलोभनमा पारी विश्वास दिलाएको हुँदा मैले नगद रु.५०००/- (अक्षेरेपि पाँच हजार) पैसा दिएको हुँ । निज सरोज पाण्डे भन्ने व्यक्ति मिति २०७८/१०/११ गते हृदयघात भई मृत्यु भईसकेको मलाई जानकारी छ । निजले मेरो सबै प्रक्रिया लगायत बायोमेट्रिक समेत यातायात कार्यालय बुटवलबाट नै गरेको हो । उल्लेखित मैले दिएको रकमबाट यातायात कार्यालयका कर्मचारीहरुलाई समेत खाजा पानीको व्यवस्था गरि मेरो नाममा कीर्ते गरी नक्कली सवारी चालक अनुमतिपत्र बनाउनमा संलग्न कर्मचारीहरुलाई कानून बमोजिम कारबाही होस् भनी **झविलाल भण्डारी**ले गरी दिएको कागज ।

घ) **मोहन प्रसाद कोइरालाले गरेको कागजः-**

मेरो सवारी चालक अनुमति पत्र बनाउने क्रममा बुटवल स्थित यातायात व्यवस्था कार्यालय अगाडि सवारी चालक अनुमति पत्रको फारम भर्ने साईबरमा, फारम भर्ने क्रममा साईबर मै काम गर्ने एभर भन्ने सोम थापाले सवारी चालक अनुमति पत्र बनाउनको लागि सहज गरि दिन्छु तर सो बापत नगद रु.५०,०००/- (अक्षेरेपि रु.पचास हजार रुपैया) लाग्छ भनेकोमा म सो प्रस्ताव मन नपरि म आफै नियमसंगत प्रक्रिया पूरा गरि लाईसेन्स लिन्छु भनेकोमा निजले मलाई ललाई फकाई प्रभावमा पारि नगद रु.५०,००० (अक्षेरेपी रु. पचास हजार) लिएको र सक्कली नै लाईसेन्स उपलब्ध गराउने विश्वास दिलाई यातायात कार्यालय भित्रै बायोमेट्रिक गराई प्रयोगात्मक र लिखित परीक्षामा समेत उपस्थित नगराएको र मलाई मिति २०७८ सालको चैत्रमा लाईसेन्स दिलाएको थियो । निजको कार्य प्रति मलाई पहिला नै केहि शंका लागेको थियो। यसरी मेरो नाममा जारि भएको (A,B) Category को Old License No. 07-212093 New License No 01-08-00877244 को सवारी चालक अनुमति नक्कली व्यहोरा विवरण राखी कीर्ते गरी जारी गरेको भन्ने हाल थाहा पाएं । यसरी निज एभर भन्ने सोम थापा र मेरो लाईसेन्स बनाउन संलग्न यातायात व्यवस्था कार्यालय बुटवलका कर्मचारीहरु उपर कानून बमोजिम कारवाही होस् भनी **मोहन प्रसाद कोइराला**ले गरि दिएको कागज ।

ङ) **रोशन पाण्डेले गरेको कागजः**

मेरो प्रतिवादीहरु केशब अर्याल, लक्ष्मण पाण्डे, सुवास पौडेल, राम कृष्ण श्रेष्ठ, बिनोद भण्डारी, ज्ञानराज पाण्डे, नारायण प्रसाद पाण्डे, विवेक भण्डारी, पदम राज आचार्य र दिलिप कुमार साहसँग चिनजान, लेनदेन, रिसइवी केही छैन भने लक्ष्मण पाण्डेसँग सवारी चालक अनुमति पत्र बनाउने क्रममा सामान्य परिचय भएको हो । मेरो नाममा जारी भएको (A.B) Category को Old License No. 07-1385030 t New License No 01-08-00902984 को सवारी चालक अनुमति नक्कली व्यहोरा विवरण राखी कीर्ते गरी जारी गरेको भन्ने हाल थाहा पाए । म आज भन्दा तीन वर्ष अगाडि मिति २०७८ साल मंसिरतिर नियमानुसार मेरो सवारी चालक अनुमति पत्र बनाउनको निमित्त सुरुको प्रक्रिया अनुसार अगाडि बढाउन यातायात व्यवस्था कार्यालय बुटवलमा जाँदा मलाई लक्ष्मण पाण्डे भन्ने व्यक्तिले नगद रु.३०,०००/- (अक्षरुपि रु,तीस हजार) दिएमा तुरुन्त काम हुन्छ भनि विभिन्न प्रलोभनमा पारि, फकाई फुलाई गरि सक्कली लाइसेन्स दिलाउने छु भनी विश्वास दिलाएको हुँदा मैले नगद रु.३०,००० (अक्षरुपि तीस हजार) दिएको हुँ । निज लक्ष्मण पाण्डे भन्ने व्यक्तिले उल्लेखित रकम पाए पश्चात यातायात कार्यलय भित्रै बायोमेट्रिक गराई राजश्व वापतको रकम समेत तिर्न लगाई प्रयोगात्मक

परिक्षा, ट्रायल र लिखित परिक्षा समेत नगरि मलाई उल्लेखित नम्वरको स्मार्ट सवारी चालक अनुमति पत्र दिलाएको होब। यसरी मेरो नाममा किर्ते गरी नक्कली सवारी चालक अनुमतिपत्र बनाउनमा संलग्न कर्मचारीहरुलाई कानून बमोजिम कारबाही होस् भनी **रोशन पाण्डेले** गरि दिएको कागज।

**च)** **दिनबन्धु पाण्डेले गरेको कागज:-**

**प्रतिवादी पदम राज आचार्यले अनुसन्धानको क्रममा वयान गर्दा,** मैले यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. वुटवलमा काम गर्दा User Name: deoff_pracharya_lumbini, User ID 6453 र User Name: deoff_pacharya_lumbini, User ID 3428 प्रयोग गर्ने गरेको थिए । उक्त Fake license Details विवरणमा सवारी चालक अनुमतिपत्र बाहक शक्तिबीर खत्री, हर्ष बहादुर सिंजाली लगायतको नाममा सवारीचालक अनुमतिपत्र जारी गर्दा PC Data Entry मैले ईन्ट्री गरेको हुनसक्छ दिनमा सयौं सेवाग्राहीहरुको काम गरिने हुँदा यसबारे मलाई एकिन भएन उक्त Fake license Details लिस्ट हेर्दा म सरुवा भई रवाना लिई (मिति२०७९/१०/२६ तद्अनुसार 2023 Feb 9) सकेपश्चात पनि मेरो युजर प्रयोग गरी विवरणहरु इन्ट्री गरेको तथा मेरो युजर User ID 6453(User Name: deoff_pracharya_lumbini) पटक पटक Activate र Deactivate गर्ने कार्य र रोल दिने कार्य गरेको देखिएको छ यसमा के कसो भएको हो मलाई जानकारी छैन । Fake License विवरणमा उल्लेख भएको PC Data entry Date, License Approval Date हेर्दा मैले रमाना लिएको मिति (मिति२०७९/१०/२६ तद् अनुसार 2023 Feb 9) भन्दा अगाडिका मितिहरुमा 2019 May, July मा पंचम यादव, फुलदेव कोईरी, प्रदिप कुमार सोनार अवदेश अहिर लगायतको व्यक्तिको नामको Fake विवरण इन्ट्री गरेको, 2020 Sept मा पुरुषोतम पोखरेल, अनिता श्रेष्ठ, मालिका घिमिरे लगायतको विभिन्न व्यक्ति नामको Fake विवरण इन्ट्री गरेको त्यसैगरी 2022 March, September मा नविन पौडेल, अमृत बहादुर सुनार, राजु काप्री, रमेश रिजाल लगायतको विभिन्न व्यक्ति नामको Fake विवरण इन्ट्री गरेको सम्बन्धमा मैले इन्ट्रि गरेको हुनसक्छ। दैनिक सेवाग्राही भिडभाड हुने हुँदा मैले के कसरी प्रणालीमा के कस्तो विवरण Entry गरे पुरानो कुरा भएको हुँदा याद छैन । म कार्यालयबाट रमाना लिई सकेपछि मेरो युजर बन्द गर्न मैले कार्यालय प्रमुख केशव अर्याललाई भनी गएको थिए । म कार्यालय छाडी गएपछि समेत मेरो युजर प्रयोग गरी Fake Entry भएको सम्बन्धमा कार्यालय प्रमुख केशव अर्यालले जवाफ दिनु पर्दछ । केशव अर्याल समेतले आफू अपराधबाट बच्न सहज हुने हिसाबले मेरो युजर प्रयोग गरेको हुनसक्छ । निज केशव अर्यालले नै अन्य प्रतिवादीहरुसँग मिलेर कीर्ते गरेको र रकम असुल गरेको हुन सक्छ भन्ने समेतको व्यहोरो बयान लेखाएको देखिन्छ । **प्रतिवादी केशव अर्यालले अनुसन्धानको क्रममा वयान गर्दा**, म यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. वुटवलमा कार्यालय प्रमुख, User ID 7362 User Name admoff_kaaryal_lumbini रहेको थियो । प्रतिवादी लक्ष्मण पाण्डे, पदमराज आचार्य, ज्ञानराज पाण्डेलाई पेपर कार्ड इन्ट्रि गर्ने जिम्मेवारी थियो । के कसरी कीर्ते विवरण ईन्ट्री गरेको सम्बन्धमा निज संलग्न प्रतिवादी कर्मचारीहरुलाई थाहा होला मैले Fake काम कारबाही गर्न कर्मचारीलाई

भनेको छैन । पदम राज आचार्यको आईडीबाट निज सरुवा भएपछि समेत युजर आईडी Activate र Deactivate गरी रोल दिएको र फेक डाटा इन्ट्रि भएको विषयमा मलाई जानकारी छैन भन्ने व्यहोराको कसुर ईन्कार गरी वयान गरेको देखिन्छ । तर निज प्रतिवादी केशव अर्यालले पदम राज आचार्य रमाना लिई गए (2023 Feb 9) पश्चात अनवरत रुपमा निजको User ID 6453 र User Name: deoff_pacharya_lumbini, चालु रहेको र केशव अर्याल युजर 7362 बाट रोल दिदै गएको त्यसपश्चात 18 April 2023 मा मात्र पदम राज आचार्यको युजर Deactive गरेको, 19 april 2023 मा पुन active गरी रोल दिएको र सोही दिन 07:19:13 pm मा Deactive गरेको, पुन : 20 april 2023 मा पुन active गरी रोल दिएको, सो पश्चात 20 देखी 22 april 2023 मा पटक पटक Activate र Deactivate गरी पेपर कार्ड इन्ट्रीको रोल दिएको यातायात व्यवस्था विभागको च.न.८००, मिति २०८१/०३/१६ गतेको पत्रबाट खुलेको देखीदा प्रतिवादी केशव अर्यालको प्रणालीमा फेकडाटा PC card entry गरी सवारी चालक अनुमतिपत्र वितरण गर्नेमा प्रत्यक्ष संलग्नता देखिएको सो अवधिमा प्रणालीमा फेक डाटा विवरण राखी पेपर कार्ड ईन्ट्री मार्फत शक्तिबीर खत्री र हर्ष बहादुर सिन्जाली लगायतको कैयौ व्यक्तिको नाममा सवारी चालक अनुमति पत्र जारी गरेको देखिन्छ ।

**अनुसन्धानको क्रममा प्रतिवादी सुवास पौडेल, दिलिप कुमार साह, राजेश लम्सालले बयान गर्दा,** यातायात व्यवस्था विभागको उल्लेखित नक्कली सवारी चालक अनुमतिपत्र जारी भएको भनिएको व्यक्तिहरुको बायोमेट्रिक अपडेट गरेको युजर आईडी हाम्रो हो । हामीले बायोमेट्रीक (औठाछाप फोटो दस्तखत) विवरण लिएको हुनसक्छ । प्रणालीमा चेक गर्दा PC Card entry भई रेकर्ड देखिएको हुँदा निज व्यक्तिहरुको बायोमेट्रिक गरेको हौ मिलेमतो गरी कीर्ते गरेको छैन भनी वयानमा खुलाएको देखिन्छ । **प्रतिवादी केशव पौडेलले वयान गर्दा,** म मिति २०५७ सालदेखि गाडी चलाउने काम गर्दै आईरहेको छु । सवारी चालक अनुमतिपत्र बाहक निज छिरिङ तामाङसँग मेरो पहिले देखि नै चिनजान र गाउँका भाई साथी हुन् । उसले लाईसेन्स बनाउनु छ भनेपछि मैले गाडी चलाउने क्रममा चितवनमा भेटेका यातायात व्यवस्था कार्यालय भरतपुर चितवनको बाहिर फोटोकपी गर्ने पसल गरेर बस्ने जिल्ला नवलपुर कावासोती न.पा. वडा नं. ०३ घर भएको प्रविन सापकोटा (मो.नं. ९८०१३४०३८१) लाई भेटाईदिएको हुँ । निज प्रविन सापकोटाले नै सबै काम गरिदिएको हो निजले कसरी के कुन प्रक्रियाबाट उक्त सावरी चालक अनुमतिपत्र बनाईदिएको हो निज प्रविन सापकोटालाई थाहा होला । छिरिङ तामाङले मलाई दिएको भनेको सो रकम रु. ४५,०००/- मलाई नभई निज छिरिङ तामाङ मार्फत प्रविन सापकोटालाई दिएको हो । के कसरी नक्कली लाईसेन्स बनाएको हो निज प्रबिन सापकोटालाई थाहा होला यातायात व्यवस्था कार्यालय वुटवल, (स.चा.अ.प.) को च.नं.२७८४ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त विवरणमा निज छिरिङ तामाङको सवारीचालक अनुमतिपत्र 01-08-01437202 को विवरण ढड्डा रेकर्ड अभिलेखमा नरहेको, कीर्ते गरी जारी भएको र नक्कली रहेको भन्ने सम्बन्धमा मैले छिरिङ तामाङलाई प्रविन सापकोटलाई भेट गराई दिएको हो निज प्रविन सापकोटाले म कर्मचारीहरुलाई मिलाएर काम गराई दिन्छु कुनै चिन्ता लिनु पर्दैन भनी भनेका थिए । निजले यातायात कार्यालयका के कुन कर्मचारीससँग मिलेमतो गरी नक्कली लाईसेन्स बनाएको हो निज प्रबिन सापकोटालाई थाहा होला । कीर्ते कार्यमा निज प्रविन सापकोटा बाहेक अन्यको संलग्नता मलाई थाहा छैन भनी बयान गरेको

देखिन्छ। प्रतिवादी लक्ष्मण पाण्डे, पदमराज आचार्य, ज्ञानराज पाण्डेले यातायात व्यवस्था कार्यालय वुटवलमा प्रणालीमा व्यक्तिको विवरण र लाईसेन्स जारी गरेको काल्पनिक पुरानो मिति फेक विवरण ईन्ट्री गरिदिने र लगतै वा केही दिन पश्चात यातायात व्यवस्था कार्यालय, वुटवल रुपन्देहीमा कार्यरत रहेको प्रतिवादीहरु सहायक पाँचौ पदमा कार्यरत सुवास पौडेल, कम्प्युटर अपरेटर करार पदमा कार्यरत नारायण प्रसाद पाण्डे, यातायात व्यवस्था कार्यालय, जनकपुर धनुषामा कम्प्युटर अपरेटर करार पदमा कार्यरत दिलिप कुमार साह, यातायता व्यवस्था कार्यालय, चितवनमा कार्यरत डाटा ईन्ट्री कर्ता सहायक स्तर चौथो करार पदका राजेश लम्साल, यातायात व्यवस्था कार्यालय, झापामा कम्प्युटर अपरेटर पदमा तत्कालिन कार्यरत विवेक भण्डारी, यातायात व्यवस्था कार्यालय कास्कीमा कार्यरत तत्कालिन कम्प्युटर अपरेटर बिनोद भण्डारी, यातायात व्यवस्था कार्यालय, कावासोती नवलपरासी ब.स.पु.मा अधिकृत छैठौ पदमा कार्यरत राम कृष्ण श्रेष्ठले यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा नक्कली पेपर कार्ड ईन्ट्री गरि सेवाग्राहीहरु आफू कार्यरत कार्यालयमा सम्पर्क गर्न आए पश्चात नविकरणको मिति भन्दा अगाडि नै योजनाबद्ध तरिकाले व्यक्तिहरुको बायोमेट्रीक (औठाछाप फोटो दस्तखत) ईन्ट्री गरी नविकरण गर्न योग्य बनाई प्रणालीमा सेभ गरी फेक विवरणको आधारमा गरेको बायोमेट्रिक विवरण संरक्षित गरे पश्चात नविकरणको माध्यमबाट सवारी चालक अनुमतिपत्र वितरण गरेको देखिन्छ।

प्रविन ड्राईभिङ सेन्टर कावासोतीको संचालक जिल्ला नवलपुर कावासोती नगरपालिका वडा नं. ३ वस्ने वर्ष अन्दाजी ४५/४६ को प्रविन सापकोटा (सम्पर्क नम्बर ९८०१३४०३८२) भन्ने व्यक्तिले मलाई ललाई फकाई गरि प्रलोभनमा पारी नगद रु.१,००,०००/- (एक लाख) दिएमा कुनै झन्झट बिना सवारी चालक अनुमतिपत्र बनाई दिने छु भनि मबाट निज प्रविन भन्ने व्यक्तिले उल्लेखित रकम लिई गई यातायात व्यवस्था कार्यालय कावासोती नवलपरासीमा मलाई सिधैं बायोमेट्रिक गराई प्रयोगात्मक परीक्षा तथा लिखित परीक्षा समेत नगराई अन्तिममा एकै चोटि राजश्व तिर्न लगाई राजश्व बापतको नगदी रसिदमा (B.G.F,A) Category उल्लेख भएको भौचर उपलब्ध गराएको भनी अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक उदय बहादुर वि.क.ले आफ्नो घटना विवरण कागजमा खुलाई लेखाइ दिएको देखिन्छ। बुटवल स्थित यातायात व्यवस्था कार्यालय अगाडि सवारी चालक अनुमति पत्रको फारम भर्ने साईबरमा फारम भर्ने क्रममा साईबर मै काम गर्ने जिल्ला नवलपरासी सुस्ता पूर्व विनय त्रिवेणी गा.पा दाउन्ने घर बताउने सम्पर्क नं. ९८६६६९७१०५ भएको संदिप श्रेष्ठ भन्ने व्यक्तिले मलाई ललाई फकाई प्रभावमा पारि नगद रु.१३,०००/- (तेह हजार) दिएमा लाईसेन्सका प्रयोगात्मक तथा लिखित परिक्षा फेल भए पनि पास गराई लाइसेन्स उपलब्ध गराई दिन्छु भनेकोमा मैले पनि निजले भने बमोजिम गर्न बाध्य भए भनी अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक गणेश बहादुर क्षेत्रीले कागज गरेको  रहेको पाईनन्छ। त्यसैगरी म आज भन्दा तीन वर्ष अगाडि नियमानुसार मेरो सवारी चालक अनुमति पत्र बनाउनको निमित्त सुरुको प्रक्रिया अनुसार अगाडि बढाउन यातायात व्यवस्था कार्यालय बुटवलमा जाँदा मलाई सरोज पाण्डे भन्ने मेरो बाल्यकालको साथीले भेट गरि नगद रु.५,०००/- पैसा दिएमा यातायात कार्यालयका हाकिमहरुलाई खाजा पानीको व्यवस्था गर्दा तुरुन्त काम हुन्छ भनि फकाई फुलाई गरि सक्कली लाइसेन्स दिलाउने छु भनी प्रलोभनमा पारी विश्वास दिलाएको हुँदा मैले नगद रु.५०००/- (पाँच हजार) पैसा दिएको हुँ भनी अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक झविलाल भण्डारीले आफ्नो कागजमा खुलाई लेखाएको देखिन्छ। बुटवल स्थित यातायात व्यवस्था कार्यालय अगाडि सवारी चालक अनुमति पत्रको फारम भर्ने साईबरमा, फारम भर्ने क्रममा साईबर मै

काम गर्ने एभर भन्ने सोम थापाले सवारी चालक अनुमति पत्र बनाउनको लागि सहज गरि दिन्छु तर सो बापत नगद रु.५०,०००/- लाग्छ भनेकोमा म सो प्रस्ताव मन नपरि म आफै नियमसंगत प्रक्रिया पूरा गरि लाईसेन्स लिन्छु भनेकोमा निजले मलाई ललाई फकाई प्रभावमा पारि नगद रु.५०,०००/- (पचास हजार) लिएको र सक्कली नै लाईसेन्स उपलब्ध गराउने विश्वास दिलाई यातायात कार्यालय भित्रै बायोमेट्रिक गराई प्रयोगात्मक र लिखित परीक्षामा समेत उपस्थित नगराएको र मलाई मिति २०७८ सालको चैत्रमा लाईसेन्स दिलाएको थियो भनि अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक मोहन प्रसाद कोइरालाले आफ्नो घटना विवरण कागजमा खुलाएको देखिन्छ। यातायात व्यवस्था कार्यालय बुटवलमा जाँदा मलाई लक्ष्मण पाण्डे भन्ने व्यक्तिले नगद रु.३०,०००/- दिएमा तुरुन्त काम हुन्छ भनि विभिन्न प्रलोभनमा पारि, फकाई फुलाई गरि सक्कली लाइसेन्स दिलाउने छु भनी विश्वास दिलाएको हुँदा मैले नगद रु. ३०,०००/- ( तीस हजार) दिएको हुँ। निज लक्ष्मण पाण्डे भन्ने व्यक्तिले उल्लेखित रकम पाए पश्चात यातायात कार्यलय भित्रै बायोमेट्रिक गराई राजश्व वापतको रकम समेत तिर्न लगाई प्रयोगात्मक परिक्षा, ट्रायल र लिखित परिक्षा समेत नगरि मलाई उल्लेखित नम्वरको स्मार्ट सवारी चालक अनुमति पत्र दिलाएको हो भनी अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक रोशन पाण्डेले खुलाई लेखाईदिएको पाईन्छ। यातायात व्यवस्था कार्यालय बुटवलमा जाँदा मलाई सरोज पाण्डे भन्ने व्यक्तिले नगद रु.५०,०००/- दियो भने तुरुन्त काम हुन्छ भन्नि फकाई फुलाई गरि सक्कली लाइसेन्स दिलाउने छु भनी प्रलोभनमा पारी विश्वास दिलाएको हुँदा मैले नगद रु ५०,०००/- (पचास हजार) दिएको हुँ । निजले उल्लेखित रकम लिई यातायात व्यवस्था कार्यालयका कर्मचारीहरुलाई समेत दामासाही हिसाबले बाडी केहि रकम आफूले समेत लिई मेरो नाममा कीर्ते गरी नक्कली सवारी चालक अनुमतिपत्र बनाएको भनी अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक दिनबन्धु पाण्डेले कागज लेखाएको देखिन्छ। बाह्रविशे न.पा. वडा नं. ०८ घर भई हाल पेप्सीकोला बस्ने केशव पौडेल ( स.नं. ९८५१०७५११४) ले मिति २०८० बैशाख तिर सवारी चालक अनुमति पत्र बनाई दिएको हो । निज केशव पौडेलले मेरो माथिसम्म मान्छे छ सेटिङ गरेर सजिलै सवारी चालक अनुमति पत्र बनाईदिन्छु भनी यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनमा गई म स्वंयमले बायोमेट्रिक मात्र (फोटो, ल्याप्चे, हस्ताक्षर) गरेको हो अन्य सबै काम निज केशव पौडेलले नै गरिदिएको हो सो सम्बन्धमा मलाई केहि थाहा भएन । निजले मलाई तपाईको काम म गरि दिन्छु तपाईले कुनै प्रक्रिया गर्नु पर्दैन म मिलाउछु यातायात कार्यालयका कर्मचारीलाई म मिलाउँछु तपाईले रु.४५,०००/- (पैतालिस हजार) दिनु भयो भने तुरुन्त काम हुन्छ सक्कली लाइसेन्स बन्छ तपाई ढुक्क हुनुस भनी प्रलोभनमा पारी मलाई विश्वास दिलाएको हुँदा मैले निज केशव पौडेल भन्ने व्यक्तिलाई रु. ४५,०००/- काम सकिएपछि हामी खाना खान बसेको होटलमा नगदै दिएको हुँ भनी चालक अनुमतिपत्र बाहक छिरिङ तामाङले खुलाई लेखाई दिएको पाईन्छ ।

त्यसैगरी मिति २०७८।०१।१४ गते मैले सवारी चालक अनुमति पत्र लिनको लागि सुरुको प्रकृया अनुसार यातायात व्यवस्था कार्यालय लुम्बिनी, बुटवलमा अनलाईन फर्म भर्न गएकोमा सो कार्यालयको ठीक अगाडि विभिन्न लेखापढि व्यवसाय गर्नेहरुले मेरो फर्म भरीदिएको र हामीलाई केहि रकम दिएमा कुनै झन्झट बिनानै सवारी चालक अनुमति पत्र उपलब्ध गराई दिने छौं सो बापत तपाईले रु.२८,०००। (अट्ठाईस हजार) दिनु पर्नेछ भनि प्रलोभन देखाएको हुँदा सोही प्रलोभनमा परी मैले उल्लेखित रकम दिएकोमा निज लेखापढि व्यवसाय गर्ने भनिएको व्यक्तिले सिधै सवारी चालक अनुमति पत्र बनाउने शाखामा प्रवेश गरी कर्मचारीहरुसंग

सेटिङ गरी बिना झण्झटमा मलाई फोटो खिचाई, बायोमेट्रिक गराई, दस्तखत गराइ, राजश्व समेत तिरेको भौचर समेत उपलब्ध गराएको थियो । लेखापढि व्यवसाय गर्ने मध्येका मेरो सवारी चालक अनुमति पत्र बनाउनको लागि रकम लिने व्यक्तिको हाल मलाई नाम थर समेत एकिन छैन भन्ने व्यहोराको अनुसन्धानको क्रममा बुझिएका सवारी चालक अनुमतिपत्र बाहक करुणा मरासिनी गौतमले आफ्नो कागजमा खुलाई लेखाई दिएको देखिन्छ । म मिति २०७७ साल मंसिर/पौष महिनातिर सवारी चालक अनुमति पत्र बनाउन भनी प्रक्रियाको बारेमा बुझ्न यातायात व्यवस्था कार्यालय, झापा चारपानेमा जाँदा यातायात अफिस अगाडि सटरमा पसल राखी लाइसेन्स बनाउनको लागि अनलाइन फाराम भर्ने र सहजीकरण गर्न बसेका विजय चौधरी भन्ने व्यक्तिलाई भेट भएको थियो । मैले निजलाई लाइसेन्स बनाउन के कस्तो प्रक्रिया गर्नु पर्दछ भनी सोधेकोमा निजले मलाई तपाईको काम म गरिदिन्छु तपाईले कुनै प्रक्रिया गर्नु पर्दैन म मिलाउछु यातायात कार्यालय कर्मचारीलाई म मिलाउँछु तपाईले रू.३५,०००/- (पैतिस हजार) दिनु भयो भने तुरून्त काम हुन्छ । सक्कली लाइसेन्स बन्छ तपाई ढुक्क हुनुहोस भनी प्रलोभनमा पारी मलाई विश्वास दिलाएको हुँदा मैले निज विजय चौधरी भन्ने व्यक्तिलाई रु.३५,०००/- निजकै सटर पसलमा नगदै दिएको हुँ भन्ने व्यहोराको सवारी चालक अनुमतिपत्र बाहक राज कुमार श्रेष्ठले खुलाई लेखाई दिएको पाईन्छ।

**प्रतिवादी विजय चौधरीले अनुसन्धानको क्रममा वयान गर्दा**, निज राज कुमार श्रेष्ठलाई मैले सवारी चालक अनुमति पत्र बनाई दिन सहजिकरण गरि दिएको हुनसक्छ हाल पुरानो कुरा भएको हुँदा त्यति याद भएन निजको रकम रु.३५,०००/- सम्बन्धमा मलाई याद छैन । मैले कैयौ व्यक्तिको यातायात कार्यालयनिर बसेर काम सहजिकरण गरि दिने हुँदा यस बारेमा एकिन भएन भनी खुलाएको देखिए तापनि निज विजय चौधरीले नै उक्त रकम रु. ३५,०००/-( पैतीस हजार) लिएको हो भनी सवारी चालक अनुमति पत्र बाहक सेवाग्राही राज कुमार श्रेष्ठले निज विजय चौधरीलाई चिनी सनाखत कागज गरेको देखिन्छ । अर्का प्रतिवादी केशव पौडेलले छिरिङ तामाङको सवारी चालक अनुमतिपत्र बनाउन लिएको रकम रु.४५,०००/- (पैतालीस हजार) प्रबिन सापकोटा भन्ने फानेश्वर सापकोटालाई दिएको र निजले नै छिरिङ तामाङको लाईसेन्स बनाउन सहजिकरण गरिदिएको हो भनी खुलाएको तथा निज प्रतिवादी केशव पौडेलले  फरार  प्रतिवादी प्रबिन भन्ने फानेश्वर सापकोटालाई रु.४५०००/- दिएको भनी निज प्रबिन भन्ने फानेश्वर सापकोटाको फोटो तथा ना.प्र.प. विवरण हेरी चिनी सनाखत गरेको पाईन्छ। यसरी प्रतिवादी विजय चौधरी, केशव पौडेल, प्रबिन भन्ने फानेश्वर सापकोटा, संदिप श्रेष्ठ, एकिन नामथर वतन नखुलेका सरोज पाण्डे, एभर भन्ने सोम थापा लगायतले यातायात व्यवस्था कार्यालयका कर्मचारीहरुलाई सेटिङ गरी एजेन्टको भूमिका खेली सवारी चालक अनुमतिपत्रको सम्बन्धमा बुझ्न यातायात कार्यालयमा आएका व्यक्तिहरुलाई प्रलोभन र विश्वासमा पारी विना झन्झट लाईसेन्स बनाई दिने आश्वासन दिई रकम असुली कर्मचारीसम्म निजको नागरिकता वैयक्तिक विवरण र रकम पुर्याई लक्ष्मण पाण्डे, पदमराज आचार्य लगायतका प्रतिवादीहरुले सवारी चालक अनुमति पत्र लिनको लागि कुनै प्रक्रिया नै सुरु नगरेका व्यक्तिको  विवरण प्रणालीमा इन्ट्री गरीं लाईसेन्स issue Approval गर्ने र सुवास पौडेल, राम कृष्ण श्रेष्ठ, दिलिप कुमार साह, राजेश लम्साल लगायतका प्रतिवादीहरुले बायोमेट्रीक अपडेट गरी प्रणालीमा कीर्ते विवरण प्रविष्ट गरी किर्ते गरेको देखिन्छ ।

प्रतिवादीहरु विजय चौधरी, संदिप श्रेष्ठ, केशव पौडेल, प्रबिन भन्ने फानेश्वर सापकोटा लगायतले एजेन्टको भूमिका खेली विभिन्न व्यक्तिहरुलाई सम्पर्कमा ल्याउने र कर्मचारीहरुसँग सेटिङ गर्ने, त्यस्तै प्रतिवादी

केशव अर्यालले Fake कार्य गर्न युजर मेनेजमेन्ट गर्ने, रोल दिने, सरुवा भएका व्यक्तिको युजर प्रयोग गरी फेक ईन्ट्री गर्ने गराउने, प्रतिवादीहरु पदमराज आचार्य, लक्ष्मण पाण्डे, ज्ञान राज पाण्डेले सम्पर्कमा ल्याएका व्यक्तिहरुको प्रणाली पेपर कार्ड लाईसेन्स जारी गरेको देखाउन झुटा विवरण इन्ट्री गर्ने र सो को आधारमा प्रतिवादीहरु दिलिप कुमार साह, सुवास पौडेल, राजेश लम्साल लगायतले सो व्यक्तिहरुको बायोमेट्रिक अपडेट गरी राख्ने र यसरी सम्पूर्ण विवरण प्रणालीमा Entry र अपडेट भए पश्चात नविकरणको माध्यमबाट राजश्व तिरी सवारी चालक अनुमति पत्र जारी हुने र सो बापत प्रति लाईसेन्स एक लाख रुपैयाँ सम्म असुल गर्ने गरेको देखिन्छ । प्रतिवादीहरुले मिलेमतो गरी पेपरकार्ड विधिबाट जारी भएको सवारी चालक अनुमति पत्रको विवरणहरु नयाँ लागू भएको EDlVRS प्रणालीमा स्थान्तरण गर्ने कार्यको दुरुपयोग गरी, नविकरण गर्न मिल्ने गरी लाईसेन्स जारी भएको पुरानो काल्पनिक मिति र आफ्नो मनोमानी ढंगले सवारी चालक अनुमति वर्गहरु राखी, नक्कली विवरण राखी प्रणालीमा अभिलेख रहने गरी कीर्ते विवरणलाई संरक्षित गरी सोही कीर्ते विवरणको आधारमा क्रमश: सवारी चालक अनुमति पत्र नविकरणको माध्यबाट सो कीर्ते गरी तयार भएको लाईसेन्सलाई आधिकारीक र सक्कली देखाउनको लागि भूमिका निर्वाह गरी लाभ लिने उदेश्य राखी लिई योजनाबद्ध तरिकाले सवारीचालक अनुमति पत्र विक्री सरह वितरण गरी प्रति लाईसेन्स एक लाख रुपैँया सम्म असुल गरी सवारी चालक अनुमति पत्र पाउन प्रावधान अनुसार दर्ता, लिखित परीक्षा, ट्रायल परीक्षा लगायतका कुनै प्रक्रिया सुरु नगरेका शक्तिबीर खत्री, हर्ष बहादुर सिंजाली लगायतका सयौं व्यक्तिहरुको नाममा सवारी चालक अनुमति पत्र बनाइ कीर्ते कार्य गरी लिखत सम्बन्धी कसूर गरेको देखिन्छ ।

यातायात व्यवस्था विभागको स्थानान्तरण हुन बाँकी सवारीचालक अनुमतिपत्रहरु Papercard विधि मार्फत् यातायात व्यवस्था कार्यालयले EDL (Electronic Driving License- EDL) प्रणालीमा ईन्ट्रि गरि सवारीचालक अनुमतिपत्रहरु वितरण गर्ने व्यवस्थाको फाईदा उठाई प्रतिवादी केशव अर्यालले अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी लिन खानको नियतले वेइमानीपूर्वक आफू कार्यालय प्रमुख हुँदा प्रतिवादी पदमराज आचार्य, लक्ष्मण पाण्डे, ज्ञानराज पाण्डेलाई पेपर कार्ड इन्ट्रीको रोल दिई निज प्रतिवादीहरुले प्रणालीमा नक्कली विवरण राखि पेपरकार्ड ईन्ट्री गरेको देखिन्छ। करारमा कार्यरत कम्प्युटर अपरेटर मा प्रतिवादीहरु लक्ष्मण पाण्डे र ज्ञानराज पाण्डेलाई लाईसेन्स Approval गर्ने जस्तो संवेदनशिल जिम्मेवारी दिएको तथा निजहरु एकै व्यक्तिलाई पेपर कार्ड ईन्ट्री, लाइसेन्स Approval र बायोमेट्रिक ईन्ट्रीसम्मको रोल दिएको देखिएकोमा प्रतिवादी लक्ष्मण पाण्डे एक्लैले ८४ जना व्यक्तिहरुको पेपर कार्ड ईन्ट्री, लाइसेन्स Approval र बायोमेट्रिक सबै आफै गरी लाइसेन्स जारी गरेको तथा प्रतिवादी पदम राज आचार्य सरुवा भई अन्यत्र कार्यालयमा रवाना लिई गएकोमा कार्यालय प्रमुखको मास्टर युजरबाटमात्र युजर बन्द गर्न सक्ने/मिल्ने अवस्था रहेकोमा निज प्रतिवादी कार्यालय प्रमुख रहेका केशव अर्यालले निज पदमराज आचार्यको युजर Deactive नगरी अनवरत चलाई पेपर कार्ड Entry को रोल झिक्ने थप्ने गरी अपराधबाट बच्न सहज हुने देखी निजको युजरबाट पेपरकार्ड ईन्ट्री गरे गराएको पाईन्छ। निज प्रतिवादीहरु पदमराज आचार्य, लक्ष्मण पाण्डे, ज्ञानराज पाण्डेले यातायात व्यवस्था कार्यालय वुटवलमा तत्कालिन कार्यरत रहेको अवस्थामा आफ्नो युजर आईडीबाट प्रणालीको दुरुपयोग गरी ढड्डा अभिलेखमा रेकर्ड नै नरहेको र सवारी चालक अनुमतिपत्र लिन कुनै प्रक्रिया नै सुरु नगरेका शक्तिबीर खत्री, हर्ष बहादुर सिंजाली लगायतको व्यक्तिहरुको विवरण पहिले नै लाईसेन्स बनाएको भनी देखाउन बेईमानीपूर्वक नियतवश आफुखुसी विवरण र पुरानो जारी मिति प्रणालीमा

इन्ट्री गरी र असुल गरेको रकम अनुसार वर्ग समेत सोही अनुसार राखी लिन खानको नियत राखी प्रति लाईसेन्स वर्ग (क्याटेगोरी) हेरी एकलाख सम्म असुल गरी हुदै नभएको फरक तथा झुट्टा विवरण सोझै प्रणालीमा ईन्ट्री गरेको देखिन्छ। प्रतिवादीहरुले सवारी चालक अनुमतिपत्र लाइसेन्स बनाउन सम्पर्कमा आएका व्यक्तिहरुको नामथर, तीनपुस्ते, ठेगाना, झुठ्ठा (फेक) जारी मिति र वर्ग समेतका विवरणहरु प्रणालीमा इन्ट्री गरी लाईसेन्स जारी गर्न मिल्ने गरी Approval समेत गरेपछि लाईसेन्स वितरण गर्न मिल्ने गरी बाँकी प्रक्रिया बायोमेट्रिक (फोटो, औठाछाप, दस्तखत) विवरण इन्ट्री अपडेट गरी अनधिकृत रुपमा प्रणालीमा झूठ्ठा विवरण संचय गरी राखी कीर्ते कार्य गर्ने कार्य गरेको देखिन्छ। प्रतिवादीहरु **केशव अर्याल, लक्ष्मण पाण्डे, ज्ञानराज पाण्डे, पदमराज आचार्य, सुवास पौडेल, राजेश लम्साल, दिलिप कुमार साह, बिनोद भण्डारी, नारायण प्रसाद पाण्डे, विवेक भण्डारी, राम कृष्ण श्रेष्ठले** योजनाबद्ध रुपमा सरकारी अभिलेख रहने प्रणालीमा बेईमानीपूर्वक अनधिकृत रुपमा मेटाई, थपघट, परिवर्तन गर्ने कार्य गरी सवारी चालक अनुमतिपत्रहरु जारी गरी बिक्री सरह वितरण गरी किर्ते कार्य गरेको स्पष्ट देखिदाँ उल्लेखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ उपदफा (१) मा निषेधित उपदफा (२) मा परिभाषित कसूर अपराध गरेको र प्रतिवादीहरु **प्रबिन भन्ने फानेश्वर सापकोटा, केशव पौडेल, विजय चौधरी, संन्दिप श्रेष्ठले** यातायात व्यवस्था कार्यालयहरुमा गई चलखेल गरी एजेन्ट बनी सवारी चालक अनुमतिपत्र बनाउन, बुझ्न आउने सेवाग्राही व्यक्तिहरुलाई सम्पर्क गरी बिना झन्झट सक्कली लाईसेन्स बनाई दिने भनी प्रलोभन र विश्वासमा पारी आफू समेतले लिन खानको लागि प्रपञ्च गरी योजनाबद्ध तरिकाले पेपर कार्ड इन्ट्री गर्ने र बायोमेट्रीक अपडेट गर्ने प्रतिवादी कर्मचारीहरु लक्ष्मण पाण्डे लगायतसँग सेटिङ गरी सेवाग्राहीसँग रकमको माग गरी प्रति लाईसेन्स एक लाखसम्म असुल गरी कर्मचारीसम्म रकम पुर्याई कीर्ते कार्य गरी सवारी चालक अनुमतिपत्र जारी गरी बिक्री सरह वितरण गर्नमा भूमिका खेलेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ उपदफा (१) मा निषेधित उपदफा (२) मा परिभाषित कसूर गराउन मतियार भई मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ उपदफा (१) मा निषेधित उपदफा (२) मा परिभाषित कसूर गरेको स-प्रमाण पुष्टी भएको पाईन्छ।

साथै प्रतिवादी विजय चौधरी समेतको विरुद्दमा सम्मानित झापा जिल्ला अदालतमा लागु औषध सम्बन्धी कसुरमा (मु.द.नं. ०८०-C१-०५३६) मुद्दा दर्ता भइ निजलाई लागु औषध नियन्त्रण ऐन,२०३३ को दफा ४ को देहाय च बमोजिमको कसुरमा ऐ. ऐनको दफा १४ (१) को देहाय (झ) बमोजिम जनही २ (दुई) वर्ष कैद र रु.१,००,०००/- (एकलाख) जरिवाना हुने फैसला भएको हुँदा निज प्रतिवादी विजय चौधरीले मुलुकी अपराध संहिता २०७४ को दफा ४४ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी भएको देखिन्छ।

## अभियुक्तहरुलाई हुनुपर्ने सजायः

प्रतिवादीहरु **केशव अर्याल, लक्ष्मण पाण्डे, ज्ञानराज पाण्डे, पदमराज आचार्य, सुवास पौडेल, राजेश लम्साल, दिलिप कुमार साह, बिनोद भण्डारी, नारायण प्रसाद पाण्डे, विवेक भण्डारी, राम कृष्ण श्रेष्ठ**ले मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१)ले निषेधित उपदफा (२)मा परिभाषित बमोजिमको कसुर गरेको पुष्टि भएको हुदाँ निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २७६ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय हुन तथा **प्रतिवादीहरु प्रबिन भन्ने फानेश्वर सापकोटा, केशव पौडेल, विजय चौधरी, संन्दिप श्रेष्ठले** मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१)मा निषेधित

उपदफा (२) मा परिभाषित बमोजिमको कसुर गर्न सहयोग गरी मतियारको भूमिका निर्वाह गरी सोही संहिताको दफा ३६ को उपदफा (१) मा निषेधित उपदफा (२)मा परिभाषित बमोजिमको कसुर गरेको पुष्टी भएकोले निज प्रतिवादिहरुलाई सोही संहिताको दफा २७६ को उपदफा (३)(ग) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३६ को उपदफा (३)(क) बमोजिम सजाय हुन र प्रतिवादी मध्येका विजय चौधरीले पटक पटक कसुर गरेको देखिदा निज प्रतिवादीलाई सोही संहिताको दफा ४४(१) बमोजिम थप सजाय हुन समेतको मागदावी लिई सक्कल मिसिल र पक्राउ **प्रतिवादीहरु केशव अर्याल, पदमराज आचार्य, सुवास पौडेल, राजेश लम्साल, दिलिप कुमार साह र केशव पौडेललाई** यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा समेत अनुरोध छ।

**प्रतिवादी विजय चौधरी** हाल झापा जिल्ला कारागारमा लागू औषध मुद्दामा कैदमा रहेको हुँदा निज प्रतिवादीलाई उक्त कारागारबाट झिकाई प्रस्तुत मुद्दाको बयान लगायत कार्य गर्नु हुन समेत अनुरोध छ।

**फरार प्रतिवादीहरु लक्ष्मण पाण्डे, राम कृष्ण श्रेष्ठ, विनोद भण्डारी, ज्ञान राज पाण्डे, नारायण प्रसाद पाण्डे, विवेक भण्डारी, प्रबिन भन्ने फानेश्वर सापकोटा र संदीप श्रेष्ठको** हकमा तहाँ अदालतबाट कानुन बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी गरी पाउन समेत अनुरोध छ।

**<u>सजाय कम वा सजायमा छुटको मागदावी र आधारः</u>**

**<u>क्षतिपूर्तिको माग दाबीः</u>**

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

**<u>अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः</u>**

**<u>मुलुकी अपराध संहिता, २०७४ को लिखत सम्वन्धी कसुरः दफा २७६. कीर्ते गर्न नहुनेः</u>**

(१) कसैले कीर्ते गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले सर्वसाधारण वा कसैलाई कुनै हानि, नोक्सानी वा क्षति पु-याउने वा आफुवा कसैलाई कुनै लाभ पुर्याउने नियतले कुनै झुठ्ठा लिखत वा झुठ्ठा विद्युतीय अभिलेख वा लिखत वा विद्युतीय अभिलेखको झुठ्ठा अंश वा भाग बनाउने काम गरेमा निजले कीर्ते गरेको मानिनेछ।

**(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः**

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अन्य सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्नेलाई **<u>सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना</u>**।

**<u>दफा ३६. मतियार हुन नहुनेः</u>**

(१) कुनै व्यक्ति कुनै कसूरको मतियार हुनु हुँदैन।

(२) कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने वा कसूर गरिसकेपछि कसूरदारलाई भगाउने, लुकाउने वा कसूर गर्न वा गराउन साधन उपलब्ध गराउने वा अन्य कुनैकिसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिनेछ।

(३) मतियारलाई देहाय बमोजिम सजाय हुनेछ:

(क) आपराधिक षड्यन्त्रमा संलग्न भई कसूर गर्ने, साधन वा ठाँउ उपलव्ध गराइदिने, जसको बिरुद्ध कसूर गरिएको हो त्यस्तो व्यक्तिलाई निजी रक्षाको अधिकारबाट बञ्चित गराउने वा कसूर गर्न आदेश वा सल्लाह दिनेलाई त्यस्तो कसूर निजले गरे सरहको सजाय,

(ख) खण्ड (क) मा लेखिएको बाहेक अन्य मतियार भए कसूर भए गरेको काममा निजको संलग्नताको मात्रा अनुसार त्यस्तो कसूर गरे बापत हुने सजायको बढीमा आधासम्म सजाय।

**दफा ४४ थप सजाय हुने:**

**(१)** जघन्य वा गम्भिर कसूरमा सजाय पाएको व्यक्तिले अर्का कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्वरसम्म सजाय हुनेछ।

तर जन्म कैदको सजाय पाएको कसूरदारको हकमा यो दफा लागु हुने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्का कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

- प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता भएको भनी एकिन प्रमाण सहित पछि खुलि आएमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३५ बमोजिम थप अभियोग-पत्र पेश गरिने ब्यहोरा अनुरोध छ।
- यातायात व्यवस्था कार्यालयमा एजेन्टको भूमिका खेली कर्मचारीहरुसँग सेटिङ मिलाई नक्कली सवारी चालक अनुमतिपत्र जारी गरी कीर्ते कार्यमा भूमिका खेलेका प्रतिवादीहरु सरोज पाण्डे, एभर भन्ने सोम थापाको एकिन नामथर वतन नखुलेको हुँदा निजहरुको हकमा प्रतिवादी कायम गर्न नसकिएकोले एकिन नामथर खुलेको बखतमा प्रतिवादी कायम हुने गरी निर्णय हुन अनुरोध छ।
- प्रतिवादीहरु केशव अर्याल, लक्ष्मण पाण्डे, पदमराज आचार्य, सुवास पौडेल, राम कृष्ण श्रेष्ठ, दिलिप कुमार साह, राजेश लम्साल, बिनोद भण्डारी, विवेक भण्डारी र नारायण प्रसाद पाण्डे, ज्ञानराज पाण्डे यातायात व्यवस्था कार्यालय रुपन्देही र अन्य यातायात व्यवस्था कार्यालयमा कार्यरत रहँदाको अवस्थामा निज प्रतिवादीहरुले पदिय हैसियतको दुरुपयोग गरी आर्थिक लाभको लागि योजना बनाई यातायात व्यवस्था विभागको प्रणालीमा अनधिकृत रुपमा हुदै नभएको झुट्टा विवरण प्रविष्ठ गरी सरकारी अभिलेखको रुपमा रेकर्ड रहने गरी झुट्टा विवरण संरक्षित गरी सोही झुट्टा विवरणको आधारमा सवारी चालक अनुमतिपत्र वितरण गरी त्यसरी कीर्ते गरी लाईसेन्स जारी गर्दा प्रतिलाईसेन्स एक लाख रुपैँयासम्म असुल गरी शक्तिबीर खत्री, हर्ष बहादुर सिंजाली पुरुषोतम पोखरेल लगायत कैयौँ व्यक्तिको नाममा सवारी चालक अनुमतिपत्र जारी गरी भष्ट्रचारजन्य कसूर अपराध समेत गरेको देखिदाँ निज प्रतिवादीहरु केशव अर्याल, लक्ष्मण पाण्डे, पदमराज आचार्य, सुवास पौडेल, राम कृष्ण श्रेष्ठ, दिलिप कुमार साह, राजेश लम्साल, बिनोद भण्डारी, विवेक भण्डारी, नारायण प्रसाद पाण्डे, ज्ञानराज पाण्डेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा पत्राचार गर्नु हुन अनुरोध छ।

- साथै शक्तीबीर खत्री, हर्ष बहादुर सिंजाली लगायतको नाममा कीर्ते गरी जारी भएको सवारी चालक अनुमतिपत्रहरु खारेजीको लागि निर्णय हुन समेत अनुरोध छ।

**सबुद प्रमाण :**

**दशी प्रमाण तथा कसुरसंग सम्बन्ति चिज वस्तु:**

१. प्रतिवादी सुबास पौडेलको साथबाट बरामद भएको Oneplus Nord CE2 lite 5G, Model: CPH2381 आकाशे रंगको IMEI No: 863382061595938/863382061595920 सिम नं.9857089370 प्रयोग भएको मोबाईल थान-१ (एक)।

२. प्रतिवादी दिलिप कुमार साहको साथबाट बरामद भएको OCO X3 Pro, model M2102J20SG को IMEI No. 865779059068182/865779059068190 सिम 9842824801 र 9807729917 प्रयोग भएको मोबाईल थान-१ (एक)।

३. प्रतिवादी पदमराज आचार्यको साथबाट बरामद भएको Benco V91 , Model AE9310 को IMEI No. 863524060112492/863524060112492 सिम नं. 9851080842/ 9857045157 मोबाईल थान-१ (एक)।

४. प्रतिवादी राजेश लम्सालको साथबाट बरामद भएको Redmi को Model Redmi 8A Dual, IMEI No. 861614056010636/861614056010644 सिम नं. 9842017710/ 9812221742) प्रयोग भएको मोबाईल थान-१ (एक)।

५. Galaxy A50, Model: SM-A505F/DS IMEI No. 357874103046857/ 357875103046854 सिम नं. 9851045547 (प्रयोगकर्ता केशव अर्याल) प्रयोग भएको मोबईल थान-१ (एक)।

**गवाह** : यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं ।

**देख्ने/सुन्ने** **: बुझिएका मानिसहरु:** उदय बहादुर वि.क., गणेश बहादुर क्षेत्री, झविलाल भण्डारी, मोहन प्रसाद कोइराला, रोशन पाण्डे, दिनबन्धु पाण्डे, छिरिङ तामाङ, करूणा मरासिनी गौतम, राज कुमार श्रेष्ठ।

**प्रस्तुत कागजातहरुः**

१) मिति २०८१।०२।०८ गतेको यातायात व्यवस्था विभागको पत्र र संलग्न कागजातहरु पाना-३१६।

२) मिति २०८१। ०२।२९ गतेको प्र.म.नि. सचिवालयलाई अनुमतिको लागि लेखेको पत्र र अनुमति पाना-१।

३) मिति २०८१। ०२।२९ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१।

४) मिति २०८१। ०२।२९ गतेको प्रारम्भिक प्रतिवेदन पठाईएको पत्र पाना-१।

५) मिति २०८१। ०२।२९ गतेको उपस्थितको लागी लेखेको पत्र पाना-६।

६) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय बर्दघाट, नवलपरासीलाई लेखेको पत्र पाना-१।

७) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय कास्कीलाई लेखेको पत्र पाना-१ ।

८) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनलाई लेखेको पत्र पाना-१।

९) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषालाई लेखेको पत्र पाना-१ ।

१०) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय बुटवल, रुपन्देहीलाई लेखेको पत्र पाना-१।

११) मिति २०८१। ०२।३० गतेको यातायात व्यवस्था कार्यालय बिर्तामोड, झापालाई लेखेको पत्र पाना-१ ।

१२) मिति २०८१। ०२।३२ गतेको यातायात व्यवस्था कार्यालय जनकपुरको पत्र र सो साथ संलग्न कागजात पाना- १ ।

१३) मिति २०८१। ०३।०२ गतेको प्रतिवादी केशव अर्याल समेत उपस्थित भएको निवेदन पाना-४ ।

१४) मिति २०८१। ०३।०२ गतेको जरुरी पक्राउ पुर्जी पाना- ५ ।

१५) मिति २०८१। ०३।०२ गतेको मानिस पक्राउ गरी दखिला गरेको प्रतिवेदन पाना-१ ।

१६) मिति २०८१। ०३।०२ गतेको स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र र प्रतिवेदन पाना-५ ।

१७) मिति २०८१/०३/०२ गतेको जिल्ला अदालत काठमाण्डौलाई लेखेको पत्र पाना-२ ।

१८) मिति २०८१।०३।०२ गतेको जिल्ला सरकारी वकील कार्यालय, बबरमहलको म्याद थप पत्र समेत पाना-४ ।

१९) मिति २०८१/०३/०२ गतेको प्रहरी वृत मालिगाउँ, काठमाडौं लाई लेखेको पत्र पाना-१ ।

२०) मिति २०८१/०३/०२ गतेको थुनुवा पूर्जी पाना-५ ।

२१) मिति २०८१।०३।०२ गतेको यस कार्यालयमा पेश गरेको प्रतिवादीहरुको मोबईल दाखिला प्रतिवेदन पाना-१ ।

२२) मित २०८१/०३/०२ गतेको केन्द्रिय अनुसन्धान ब्यूरो पिलर-६ लाई लेखेको पत्र पाना-१।

२३) मिति २०८१/०३/०२ गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प., बुटवल रुपन्देहीलाई लेखेको पत्र पाना-७ ।

२४) मिति २०८१/०३/०४ गतेको सम्मानित जिल्ला अदालत काठमाण्डौलाई लेखेको पत्र पाना-२।

२५) मिति २०८१/०३/०४ गतेको यातायात व्यवस्था विभाग मिनभवन काठमाण्डौलाई लेखेको पत्र पाना-१।

२६) मिति २०८१/०३/०४ गतेको वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, देउखुरी दाङलाई लेखेको पत्र पाना-१ ।

२७) मिति २०८१/०३/०४ ४ गतेको यातायात व्यवस्था सेवा कार्यालय, परासीलाई लेखेको पत्र पाना-१।

२८) मिति २०८१/०३/०४ गतेको यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषालाई लेखेको पत्र पाना-१ ।

२९) मिति २०८१/०३/०४ गतेको भौतिक पूर्वाधार मन्त्रालय, लुम्बिनी प्रदेश, दाङलाई लेखेको पत्र पाना-१

३०) मिति २०८१/०३/०४ गतेको यातायात व्यवस्था सेवा कार्यालय, भरतपर, चितवन लाई लेखेको पत्र पाना-१ ।

३१) मिति २०८१/०३/०४ गतेको प्रहरी वत मालिगाउँलाई लेखेको पत्र पाना-१।

३२) मिति २०८१/०३/०४ गतेको यातायात व्यवस्था का., सानो ठुलो सवारी, एकान्तकुनालाई लेखेको पत्र पाना-२।

३३) मिति २०८१/०३/०४ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभाग, बलुवाटार, काठमाण्डौलाई लेखेको पत्र पाना-२ ।

३४) मिति २०८१/०३/०४ गतेको नेपाल स्टक एक्सचेन्च लिमिटेड, पुतली सडक, काठमाण्डौलाई लेखेको पत्र पाना-२।

३५) मिति २०८१/०३/०४ गतेको को यातायात व्यवस्था विभाग मिनभवन, काठमान्डौलाई लेखेको पत्र पाना- १ ।

३६) मिति २०८१/०३/०४ गतेको भूमी व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहललाई लेखेको पत्र पाना-२।

३७) मिति २०८१/०३/०४ गतेको नेपाल धितो पत्र बोर्ड, जावलाखेल, ललितपुरलाई लेखेको पत्र पाना-२।

३८) मिति २०८१/०३/०४ गतेको कम्पनी रजिष्ट्रारको, त्रिपुरेश्वर, काठमाण्डौलाई लेखेको पत्र पाना- २।

३९) मिति २०८१/०३/०४ गतेको यातायात व्यवस्था कार्यालय, कावासोती, नवलपरासी (ब.सु.पू.) बाट प्राप्त पत्र ।

४०) मिति २०८१/०३/०५ गतेको यातायात व्यवस्था सेवा कार्यालय, भरतपुर, चितवनबाट प्राप्त पत्र पाना-१ (एक) ।

४१) मिति २०८१/०३/०५ गतेको प्रहरी वृत मालिगाउँलाई लेखेको पत्र पाना-१।

४२) मिति २०८१/०३/०५ गतेको प्रतिवेदनसाथ दाखिला भएको प्रतिवादीहरुको ई-सेवा स्टेटमेन्ट पाना-३२८ ।

४३) मिति २०८१/०३/०५ गतेको यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, रुपन्देहीबाट प्राप्त पत्र ।

४४) मिति २०८१/०३/०५ गतेको यातायात व्यवस्था कार्यालय, रुपन्देहीबाट प्राप्त पत्रसहित पाना-१३।

४५) मिति २०८१/०३/०६ गतेको जिल्ला प्रहरी कार्यालय, नवलपरासी, अ.अ. तथा कारवाही शाखालाई लेखेको पत्र ।

४६) मिति २०८१/०३/०६ गतेको जिल्ला प्रहरी कार्यालय, स्याङ्जा, अ.अ. तथा कारवाही शाखालाई लेखेको पत्र।

४७) मिति २०८१/०३/०६ गतेको जिल्ला प्रहरी कार्यालय, झापा, अ.अ. तथा कारवाही शाखालाई लेखेको पत्र ।

४८) मिति २०८१/०३/०६ गतेको जिल्ला प्रहरी कार्यालय, पाल्पा, अ.अ. तथा कारवाही शाखालाई लेखेको पत्र ।

४९) मिति २०८१/०३/०६ गतेको यातायात व्यवस्था कार्यालय झापा, कोशीबाट प्राप्त पत्र पाना-१ ।

५०) मिति २०८१/०३/०६ गतेको प्रतिवादी राजेश लम्शालको बयान पाना-७ ।

५१) मिति २०८१/०३/०६ गतेको प्रतिवादी सुवास पौडौलको बयान र नागरिकता प्रतिलिपि सहित पाना-८।

५२) मिति २०८१/०३/०६ गतेको प्रतिवादी दिलिप कुमार साहको बयान र नागरिकता प्रतिलिपि सहित पाना-८ ।

५३) मिति २०८१/०३/०७ गतेको राजकुमार श्रेष्ठले गरिदिएको घटना विवरण कागज सहित पाना-४ र सक्कलै स.चा.अ.प. थान-१।

५४) मिति २०८१/०३/०७ गतेको प्रहरी वृत मालिगाउँलाई लेखेको पत्र पाना- १।

५५) मिति २०८१।०३।०७ गतेको जिल्ला सरकारी वकील कार्यालय, बबरमहलको म्याद थप पत्र र का.जि.अ.को म्याद थप अनुमति पाना-३ ।

५६) मिति २०८१/०३/०७ गतेको कोयातायात व्यवस्था विभाग मिन भवनबाट प्राप्त पत्र सहित पाना -६ ।

५७) मिति २०८१/०३/०९ गतेको जिल्ला अदालत काठमाण्डौलाई लेखेको पत्र पाना-१ ।

५८) मिति २०८१/०३/०९ गतेको जिल्ला अदालत भद्रपुर, झापालाई लेखेको पत्र पाना-१ ।

५९) मिति २०८१/०३/०९ गतेको यातायात व्यवस्था विभाग, मिनभवनलाई लेखेको पत्र पाना-१ ।

६०) मिति ३०८१/०३/०९ गतेको दिनबन्धु पाण्डेको घटना विवरण कागज पाना-२ ,सक्कल स.चा.अ.प. थान-१ ।

६१) मिति ३०८१/०३/०९ गतेको मोहन प्रसाद कोईरालाको घटना विवरण कागज सहित पाना-४ ।

६२) मिति ३०८१/०३/०९ गतेको गणेश बहादुर क्षेत्रीको घटना विवरण कागज पाना-२, सक्कल स.चा.अ.प. थान-१ ।

६३) मिति ३०८१/०३/०९ गतेको उदय बहादुर बिकको घटना विवरण कागज पाना-२ , स.चा.अ.प. प्रतिलिपि पाना-१ ।

६४) मिति ३०८१/०३/०९ गतेको रोशन पाण्डेले गरेको घटना विवरण कागज पाना-२ ,सक्कल स.चा.अ.प. थान-१ ।

६५) मिति ३०८१/०३/०९ गतेको झविलाल भण्डारीको घटना विवरण कागज पाना-२, सक्कल स.चा.अ.प. थान-१ ।

६६) मिति २०८१/०३/०९ गतेको जिल्ला अदालत भद्रपुर, झापाको आदेश सहित पाना- २ ।

६७) मिति २०८१/०३/०९ गतेको जिल्ला कारागार कार्यालय चन्द्रगढी, झापालाई लेखेको पत्र पाना- १ ।

६८) मिति २०८१/०३/१० गतेको यातायात व्यवस्था विभाग मिनभवनलाई लेखेको पत्र पाना-१ ।

६९) मिति २०८१/०३/१० गतेको यातायात व्यवस्था विभाग मिनभवनबाट प्राप्त पत्र सहित पाना – ७२ ।

७०) मिति २०८१/०३/१० गतेको विभिन्न बैंकहरुलाई लेखेको पत्र पाना- ५ ।

७१) मिति २०८१/०३/१० गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प., बुटवल, रुपन्देहीलाई लेखेको पत्र –३ ।

७२) मिति २०८१/०३/१० गतेको जिल्ला कारागार कार्यालय चन्द्रगढी, झापाबाट प्राप्त पत्र पाना- १ ।

७३) मिति २०८१/०३/१० गतेको नेपाल टेलिकम, भद्रकाली, काठमाण्डौलाई लेखेको पत्र पाना -१ ।

७४) मिति २०८१/०३/१० गतेको नेपाल टेलिकम, भद्रकाली, काठमाण्डौबाट मेलमा प्राप्त जवाफ पाना३ ।

७५) मिति २०८१/०३/१० गते कोई-सेवा डिजिटल वलेट, पुल्चोक, ललितपुरलाई लेखेको पत्र पाना -१ ।

७६) मिति २०८१/०३/१० गतेको ई-सेवा डिजिटल वलेट, पुल्चोक, ललितपुरबाट मेलमा प्राप्त जवाफ पाना -३ ।

७७) मिति २०८१/०३/१० गतेको जिल्ला प्रहरी कार्यालय फदिम , पाँचथरलाई लेखेको पत्र पाना-१ ।

७८) मिति २०८१/०३/१० गतेको चिरायू नेशनल हस्पिटल लाई लेखेको पत्र, स्वस्थ्य परीक्षण रिपोर्ट पाना-२ ।

७९) मिति २०८१/०३/११ गतेको विजय चौधरीको बयान कागज पाना – ४ ।

८०) मिति २०८१/०३/११ गतेको जिल्ला प्रहरी कार्यालय, फिदिम पाँचथर बाट प्राप्त पत्र र सनाखत पाना - २ ।

८१) मिति २०८१/०३/११ गतेको जिल्ला कारागार कार्यालय झापालाई लेखेको पत्र पाना-१ ।

८२) मिति २०८१/०३/११ गतेको सम्मनित जिल्ला अदालत काठमाण्डौलाई लेखेको पत्र पाना -२ ।

८३) मिति २०८१/०३/११ गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प. रुपन्देहिबाट प्राप्त पत्र सहित पाना- ९ ।

८४) मिति २०८१/०३/११ गतेको राष्ट्रिय वाणिज्य बैंक लि बाट प्राप्त पत्र पाना-१ ।

८५) मिति २०८१/०३/११ गतेको जिल्ला प्रहरी कार्यालय, नवलपरासी, (ब.सु.पू) लाई लेखेको पत्र पाना- १ ।

८६) मिति २०८१/०३/१२ गतेको प्रहरी वृत मालीगाउँ लाई लेखेको पत्र पाना-१ ।

८७) मिति ३०८१/०३/१३ गतेको छिरिङ तामाङको घटना विवरण कागज सहित पाना-३ ,सक्कल स.चा.अ.प. थान-१ ।

८८) मिति २०८१/०३/१३ गतेको पदमराज आचार्यको बयान, नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित पाना-११ ।

८९) मिति २०८१/०३/१३ गते केशव अर्यालको बयान, नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित पाना – १० ।

९०) मिति २०८१/०३/१३ गते प्रहरी वृत मालीगाउँलाई लेखेको पत्र पाना-१ ।

९१) मिति २०८१/०३/१४ गते प्रहरी वृत मालीगाउँलाई लेखेको पत्र पाना-१ ।

९२) मिति २०८१। ०३।१४ गतेको जिल्ला सरकारी वकील कार्यालय, बबरमहलको म्याद थप पत्र र का.जि.अ.को म्याद थप अनुमति पाना-३ ।

९३) मिति २०८१। ०३।१४ गतेको काठमाण्डौ जिल्ला अदालतलाई लेखेको पत्र पाना-१ ।

९४) मिति २०८१। ०३।१५ गतेको पक्राउ पुर्जी पाना-१ ।

९५) मिति २०८१। ०३।१५ गतेको स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र र प्रतिवेदन पाना -२ ।

९६) मिति २०८१। ०३।१५ गतेको थुनुवा पुर्जी पाना-१ ।

९७) मिति २०८१/०३/१६ गते प्रतिवादी केशव पौडेलको बयान र नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित पाना- ५।

९८) मिति २०८१/०३/१६ गतेको जिल्ला सरकारी वकील कार्यालय, बबरमहलको म्याद मिलान पत्र र का.जि.अ.को म्याद मिलान अनुमति पाना-३ ।

९९) मिति २०८१/०३/१६ गतेको जिल्ला प्रहरी कार्यालय तनहुँलाई लेखेको पत्र पाना-१ ।

१००) मिति २०८१/०३/१६ गतेको यातायात व्यवस्था विभागबाट प्राप्त पत्र सहित पाना-२ ।

१०१) मिति २०८१/०३/१६ गतेको E-Sewa Digital Wallet लाई लेखेको पत्र पाना-१ ।

१०२) मिति २०८१/०३ /१६ गतेको E-Sewa Digital Wallet बाट प्राप्त पाना-३ ।

१०३) मिति २०८१/०३/१६ गतेको यस ब्यूरोमा पेश गरेको प्रतिवेदन पाना-१ ।

१०४) मिति २०८१/०३/१७ गतेको सम्पति शुद्धिकरण अनुसन्धान विभागलाई लेखेको पत्र पाना-१ ।

१०५) मिति २०८१/०३/१४ गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प. कास्की पोखराबाट प्राप्त पत्र पाना-१।

१०६) मिति २०८१/०३/१३ गतेको केन्द्रिय अनुसन्धान ब्यूरो पिलर-६ बाट पत्रसाथ प्राप्त परीक्षण रिपोर्ट पाना-४, सिडी थान- २।

१०७) मिति २०८१/०३/१७ गतेको राहदानी विभाग त्रिपुरेश्वरलाई लेखेको पत्र पाना-१।

१०८) मिति २०८१/०३/१७ गतेको अध्यगमन विभागलाई लेखेको पत्र पाना-१।

१०९) मिति २०८१/०३/१८ गतेको करुणा मरासिनी गौतमले गरिदिएको घटना विवरण कागज पाना-२।

११०) मिति २०८१/०३/१८ गतेको यस केन्द्रिय अनुसन्धान ब्यूरोमा गराएको सनाखत कागज सहित पाना-६।

१११) मिति २०८१/०३/१९ गतेको यातायात व्यवस्था कार्यालय डुम्रे, तनहुँलाई लेखेको पत्र पाना-१।

११२) मिति २०८१/०३/२० गतेको अध्यगमन विभागबाट प्राप्त पत्र पाना-३।

११३) मिति २०८१/०३/२० गतेको प्रतिवादी दिलिप कुमार साहको थप बयान कागज पाना-२।

११४) मिति २०८१/०३/२० गतेको प्रतिवादी राजेश लम्शालको थप बयान कागज पाना-२।

११५) मिति २०८१/०३/२० गतेको प्रहरी वृत्त मालिगाउँलाई लेखेको पत्र पाना-१।

११६) मिति २०८१/०३/२० गतेको जिल्ला सरकारी वकील कार्यालय, बबरमहलको म्याद थप पत्र र का.जि.अ.को म्याद थप अनुमति पाना-३।

११७) मिति २०८१/०३/२० गतेको औंठाछाप पाना-६।

११८) मिति २०८१/०३/२० गतेको प्रतिवेदन र सो साथ पेश गरेको प्रतिवादीहरुको नागरिकता प्रमाणपत्र प्रतिलिपि समेत पाना-७ ।

११९) मिति २०८१/०३/१९ गतेको यातायात व्यवस्था विभागको पत्र तथा कागजात समेत पाना १७६ पाना।

१२०) मिति २०८१/०३/१९ गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प. बुटवल रुपन्देहीलाई लेखेको पत्र पाना-४।

१२१) मिति २०८१/०३/२० गतेको के.अ.ब्यूरो पिलर-७ लाई CRS अभिलेखको लागि लेखेको पत्र पाना-२।

१२२) मिति २०८१/०३/१६ गतेको जि.प्र.का. नवलपरासी (ब.स.पू.)बाट प्राप्त पत्र पाना-१।

१२३) मिति २०८१/०३/२१ गतेको इ.प्र.का. चापाकोट स्याङ्जालाई लेखेको पत्र।

१२४) मिति २०८१/०३/२१ गतेको यातायात व्यवस्था कार्यालय स.चा.अ.प. बुटवल रुपन्देहीबाट प्राप्त पत्र पाना-३।

१२५) मिति २०८१/०३/२१ गतेको जि.प्र.का स्याङजाबाट प्राप्त पत्र पाना-१।

१२६) मिति २०८१/०३/२१ गतेको जिल्ला प्रहरी कार्यालय, तनहुँबाट प्राप्त पत्र पाना- १।

१२७) मिति २०८१०३२१ गतेको जिल्ला प्रहरी कार्यालय, नवलपारासी, परासीबाट प्राप्त पत्र पाना- १।

१२८) मिति २०८१/०३/२३ गतेको प्र.ब.ह. दिलिप कुमार राईले पेस गरेको CRS प्रतिवेदन पाना- १।

१२९) मिति २०८१/०३/२३ गतेको जिल्ला प्रहरी कार्यालय झापालाई लेखेको पत्र पना-१।

१३०) मिति २०८१/०३/०९ गतेको प्रभु बैंक लि.बाट प्राप्त भएको जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-५४।

१३१) मिति २०८१/०३/११ गतेको सिद्वार्थ बैंक लि. बाट प्राप्त भएको जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-११ ।

१३२) मिति २०८१/०३/११ गतेको माछापूछ्रे बैंक लि. बाट प्राप्त जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-२०।

१३३) मिति २०८१/०३/११ गतेको ग्लोबल आईएमई बैंक लि. बाट प्राप्त जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-३९ ।

१३४) मिति २०८१/०३/११ गतेको साईन रेसुङगा डेभलपमेन्ट बैंक लि. बाट प्राप्त जवाफ पत्र साथा संलग्न कागजातहरु पाना- ५३ ।

१३५) मिति २०८१०३/१६ गतेको प्रभु क्यापिटल लि. बाट प्राप्त पत्र पाना-१ ।

१३६) मिति २०८१/०३/१६ गतेको कम्पनि रजिष्ट्ररको कार्यालय, त्रिपुरेश्वरबाट प्राप्त पत्र पाना- १२ ।

१३७) मिति २०८१/०३/१८ गतेको एनएमबि क्यपिटल लिमिटेडबाट प्राप्त पत्र पाना-१ ।

१३८) मिति २०८१/०३/१४ गतेको सिद्वार्थ क्यापिटल लिमिटेडबाट प्राप्त पत्र सहित पाना- २ ।

१३९) मिति २०८१/०३/१६ गतेको कुमारी बैंक लि बाट प्राप्त जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-१५।

१४०) मिति २०८१/०३/१६ नेपाल बैंक लि. बाट प्राप्त जवाफ पत्र साथ संलग्न कागजातहरु पाना-१५ ।

१४१) मिति २०८१/०३/१७ गतेको प्रभु बैंक लि. बाट प्राप्त पत्र साथ संलग्न कागजातहरु पाना- ६ ।

१४२) मिति २०८१/०३/१३ गतेको नविल बैंक लि. बाट प्राप्त पत्र साथ संलग्न कागजातहरु पाना-११ ।

१४३) मिति २०८१/०३/२३ गतेको ईप्रका अनारमनी झापाको प्रतिवादी फेला नपरेको पत्र।

१४४) मिति २०८१/०३/ गतेको ईप्रका चापाकोट स्याङजाको प्रतिवादी फेला नपरेको पत्र।

१४५) मति २०८१/०३/ गतेको सम्मानित झापा जिल्ला अदालतको फैसला पाना ।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अदालतसँग अनुरोध गरिन्छ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको:**
**दस्तखतः.....................**
**नामः युवराज शर्मा**
**दर्जा:सहायक जिल्ला न्यायाधिवक्ता**
**कार्यालय:जिल्ला सरकारी वकील कार्यालय काठमाडौं।**
**मिति:२०८१।०३।२४।२**